जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१३ , अंक- २२, २०७७ साल पौष २१ गते मंगलबार (Jan 5, 2020) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।
सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# राजनीति पार्टी नामको धोको कहिले सम्म ?

मोहन कार्की

काठमाडौं । नेपालमा राजनीति परिवर्तनको नाममा थुप्रै क्रान्ति भएका छन् । तर परिवर्तन पछि आशाको पालुवा पलाउन नपाउदै मर्ने गरेको छ । तर तिनै राजनीतिक पार्टीका नाममा जनतासँग मागिखाने, छलकपड गरी अवैध ढंङगवाट स्रोत साधन जम्मा गरेर धोको भर्ने काम राजनीति पार्टी सञ्चालन गर्ने नेताहरुले गरेका छन् । त्यो अस्वभाविक देखिन्छ । कुनैबेला काठमाडौ छिर्दाको उनिहरुको हैशियत र आजको हैशियतको मुल्याङकन र गरिखाने बर्ग जो मेहनत गर्छन् । उनिहरुको जीवनस्तर जस्ताको तस्तै छ । तर कहिल्यै केही काम गरेको नदेखिने चौविसै घण्टा भाषण गरेर अरुलाई बरालेर बस्ने राजनीतिक पार्टीका नेताहरुको एकाएक काठमाडौमा कराडौ करोडको गाडी, घर, बगैचा, बनेका देख्दा जो कसैलाई आश्चार्य लाग्नु स्वभाविक हो ।

तर यतापर्टी नेपालमा उठेका क्रान्त्रि भने एकपछि अर्को मरेका छन् । नेपालमा दङगा फसाद, सडक जाम, नेपाल बन्द, बम बिष्फोट, गोली हानहान, जिन्दावाद, मुर्दावाद, राजनीतिक नाममा अपहरण, हत्या, बलत्कार, जघन्य भन्दा जघन्य अपराध गर्नेहरुलाई राजनीतिक संक्षण दिनुको साथै सरकारमा रहने पक्षलाई निच शब्दले गाली गर्ने पक्ष जहिले प्रतिपक्ष र त्यो गाली गर्ने पक्ष सरकारमा जादा अर्को सरकार बाहिर भएको पक्षहरु मात्र यो ७० बर्षको अन्तरालमा घुमिरहेको देखिन्छ । त्यो समयको अवस्था र अहिलेको समयको केही पात्रहरु परिवर्तन भएपनि चलन पुरानै मोडलमा देखिन्छ । निर्देशन गर्ने मुहान



एउटै भएर त्यस्तो भएको हुनुपर्छ ।

त्यसकारण नेपालमा क्रान्तिको नाममा नेपाललाई बनाउने उद्देश्य राखेर अहिलेसम्म कुनै क्रान्ति भएको रहेनछ । त्यसैले देशको विकास हुन नसकेको हो । त्यो त केवल मात्र कतैवाट परिचालित नेपाल देशलाई अस्थिरता बनाईराख्ने केही पात्रहरुलाई कतैवाट अह्राउने र ति प्रयोग चै नेपालका पार्टी नामका नेताहरु हुने भान यि यस्तै घटनाले संकेत गर्न थालेको छ ।

बल्ल बल्ल एउटा द्वान्द्व सावधान हुन थाल्छ । त्यति नै बेला शान्तिको दियो बाल्न नपाउदै फेरी अर्को पात्र जो हिजोको दिनमा सरकारमा रहेको पार्टीको नै पात्रको नेतृत्वमा डर, त्रास, धाक, धम्की, हत्या, बलात्कार, अपरहण, चन्दा असुली गर्दै बम बिष्फोट गराउदै नेपालमा उद्यौगिककारण गर्न उत्साहित भएको लगानीमैत्री बातावरण बिगार्न तिनै ७० बर्षको अन्तरालमा घुमिरहेकाहरुको योजना मिलि भगतमा भएको सहजै अनुमान लगाउन सकिन्छ । नेपालमा भएका क्रान्त्रि नामका आन्दोलनमा मारिएका गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्रि, धर्मभक्त माथेमा, दशरथ चन्द, नेताहरुलाई फासी चढाएको घटना वाहेक कुनैपनि नेता बिद्रोह गर्ने क्रममा मारिएका छैनन् । त्यसमा सर्वसाधरण जनता मात्र मरेका छन् । तथ्यले त्यही भन्छ । फेरी कुन चै त्यो ७० बर्षको अन्तरालमा राजनीतिमा लागेकोलाई भाग पुग्दैन वा उसलाई परिचालन गर्ने पक्षले बिगतमा दिएको दानापानीको मुल्य सम्झाउदै नेपाललाई अस्थिरतामा लैजान योजना बनाईदिन्छ । त्यसै योजनामा पुनः फर्किने काम गर्ने गरेको देखिन्छ ।

जसको कारणहरुले नेपालको उन्नति प्रगति नभएर हुदा हुदा दक्ष जनशक्ति निरुतसाहित हुदै बिदेशमा जान खोज्छन् । ति दक्ष जनशक्तिलाई बिदेश पठाएर बृद्धाबृद्धा र केटाकेटी मात्र बस्ने देश बनाईसकेका छन् । आजसम्म धेरै पटक भएका आन्दोलनका बाँकी ८ पृष्ठमा

# अहिलेको अवस्थामा देश जोगाने चिन्ता छ : पूर्वराजा ज्ञानेन्द्र

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले अहिलेको अवस्थामा देश कसरी जोगाउन सकिन्छ भन्ने चिन्ता व्यक्त गरेका छन् । २९९औं पृथ्वीनारायण जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा शुभकामना सन्देश दिँदै



पूर्वराजा ज्ञानेन्द्रले यस्तो बताएका हुन् । उनले आफ्नो सन्देशमा भनेका छन्, 'नेपाली भनेका नेपाली नै हुन् । कुनै अर्को जलप लगाएर हुँदैन भन्ने अपार राष्ट्रभक्तिले ओतप्रोत भएर बडामहाराजाधिराजबाट नेपाल राष्ट्रनिर्माणमा आफ्नो पूरै जीवन अर्सपण गर्नुभएको तथ्य स्मरण मात्र हुँदा पनि हामी सबै नेपाली गौरवान्वित हुने गर्दछौं ।' पूर्वराजा ज्ञानेन्द्रले भनेका छन्, 'यो समयमा देश कसरी जोगाउन सकिएला भन्ने चिन्ताग्रस्त अवस्थामा छौं ।' उनले राष्ट्रिय एकताका लागि गाँठो बलियो बनाउनपर्ने आवश्यकता औंल्याउँदै भनेका छन्, 'यसको औचित्य हिजो पनि थियो, आज पनि छ । भविष्यमा पनि रहनेछ ।

# शर्मा एण्ड कम्पनीले मनायो ५५ औं बार्षिकोत्सव

काठमाडौं । देशको पूर्वाधार निर्माणमा अग्रणी तथा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको शर्मा एण्ड कम्पनी प्रालिले आफ्नो स्थापना दिवसको अवसर पारेर रक्तदान तथा खाद्यान्न वितरण कार्यक्रम आयोजना गरेको छ ।

बुधवार राजधानीमा एक कार्यक्रम गर्दै कम्पनीले सामाजिक क्षेत्रका अन्य कार्यलाई पनि प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिएको छ । वि.सं २०२२ सालमा कम्पनीका अध्यक्ष राधाकृष्ण शर्माबाट स्थापना आएको शर्मा एण्ड कम्पनीले देशका महत्वपूर्ण निर्माण आयोजनाहरु समयमा नै सम्पन्न गरी हस्तान्तरण गरेको कम्पनीका प्रबन्ध निर्देशक रमेश शर्माले बताएका थिए ।

विकासको प्रचुर सम्भावना बोकेको हाम्रो जस्तो देशमा समयमा नै निर्माण कार्य सक्ने गरी अव आउने अत्याधुनिक प्रविधिलाई प्रयोग गरेर विकास निर्माणका कार्यलाई थप गुणस्तरीय तथा व्यवस्थित गर्न लागिएको प्रबन्धक शर्माले जानकारी दिदै कम्पनीको मातहत हाल ५ सय ९ बेडको वीर अस्पतालको भवन, मेडिसिटी अस्पताल, महान्यायाधिवक्ताको कार्यालय, सिटी सेन्टर, सेन्टर पार्क, मेलम्ची खानेपानी आयोजनको १ सय ५० मिटर पाइप विच्छयाउने काम, सुन्दरीजलमा वाटर ट्रिटमेन्ट प्लान्ट निर्माण लगायतका महत्वपूर्ण परियोजनाहरु संचालन भइरहेका छन् । कम्पनीले ५० लाखको अक्षय कोष स्थापना गरी सामाजिक कार्य पनि गरिरहेको शर्माले जानकारी दिए । ५५ औं वार्षिकोत्सवको अवसरमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा गरिएको रक्तदान कार्यक्रममा करीब १ सय २५ जनाले



रक्तदान गरेका थिए भने ७५ जना अशक्त तथा असाहयहरुलाई खाद्यन्न वितरण गरिएको कम्पनीले जनाएको छ ।

# पृथ्वी जयन्तीको अवसरमा निकालेको ऱ्यालीमा प्रहरीको धरपकड

काठमाडौं । पृथ्वीनारायण शाहको २९९ औं जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा राप्रपाले निकालेको ऱ्यालीका क्रममा भद्रकालीमा प्रहरीसँग धकेलाधकेल भएको छ । बाजागाजासहित ऱ्यालीमा सहभागीहरु मुल सडकमा हिँडेपछि प्रहरीले पैदलयात्रीको बाटोतर्फ जान आग्रह गरेको थियो । प्रहरीले राप्रपा अध्यक्ष पशुपतिशम्शेर जबरा लगायतलाई धरपकड गरेपछि केही समय धकेलाधकेल भएको हो । केही समय धकेलाधकेल भएपछि ऱ्यालीमा सहभागीले प्रहरीविरुद्ध नारा लगाउँदै सिंहदरबारको पश्चिम गेटको पृथ्वीनारायण शाहको शालिकतिर अगाडि बढ्न खोजेका छन् । तर प्रहरीले रोक्न खोजेको छ ।

यता वीरगञ्जमा २९९ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाइएको छ । राष्ट्रिय सरोकार मञ्च नारायणी, नगरिक समाज पर्सा लगायतले पृथ्वी जयन्ती मनाएका हुन् ।

राष्ट्रिय सरोकार मञ्चले रथमा पृथ्वी नारायण साहको फोटो राखेर ऱ्याली निकाल्दै नगर परिक्रमा नै गराएको थियो । घण्टाघरबाट निकालिएको ऱ्याली माईस्थान, आदर्शनगर, अलखिया मठ, आदशनगर घडिअर्वा पोखरी बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# न्यालयको मर्यादा राखौं

यतिवेला सर्वोच्च अदालतमा बिचाराधिन संसद बिघटनको मुद्दा चलिरहेको छ । यहि बिषयलाई लिएर पुर्व प्रधान न्यायधिस, बरिष्ठ वकिलहरु सार्वजानिक स्थलमा बोल्न थालेका छन् । जो की उनिहरु इजलासमा रहदा न्यायलयलाई प्रभावित पार्ने खालका गतिविधि कसैलेपनि गर्नुहुदैन भन्दै उनिहरुले नै भन्ने गर्दथे । न्यायको सिद्धान्त मर्नुहुदैन भन्ने पुर्व न्यायधिसहरु नै यसरी सडकमा सघर्ष गर्न आउन नै खोजुला झैं गर्नु नेपाली न्याय क्षेत्रको लागि निक्कै लज्जाको बिषय हो ।

उनिहरुको गतिविधिले न्यायलयको सर्वोच्चतालाई प्रभावित पार्न खोजेको सोजै देखिन्छ । र न्यायलयको मर्यादा भन्दा बिपरित भएको छ । न्यायलयले गरेका निर्णय सतप्रतिशत चित्त बुझ्ने काही पनि हुदैन । देखेका सवै सत्य भए पनि नदेखेका र सुनेका सत्य हुदैनन् । गरेका निर्णय तर लोकतन्त्रलाई मान्ने मुलुकहरुले न्यायलयले गरेका निर्णयहरु स्वीकार्नुपर्दछ । स्वीकार्छन् । अभ्याशहरु त्यस्तै छन् । तर नेपालको सन्दर्भमा फरक फरक खालका नभएका अभ्याश गर्न लागिदै छ । यो सुभ संकेत होईन । नजानेका नबुझेका थाहा नभएका हरुले न्यायलयको बिरुद्ध बोलेको भए अन्जानमा गरेको अपराध त क्षम्य हुन्छ भने जस्तै । तर जानी बुझी गरेका पुर्व न्याधिसहरुको भनाई र सार्वजनिक भईरहेका अभिब्याक्ति न्यालयको मर्यादाभन्दा बाहिर देखिन्छ । जो की बिगतमा ४ पटक संसद बिघटन भएको ईतिहाँस छ । जुन बिघटन संसदको रिटमा सुनुवाई गर्दा प्रधान न्याधिस भएका पुर्व न्याधिस समेत सार्वजनिक अमर्यादित ढंङगवाट प्रस्तुत हुनेमा देखिन्छन् ।

न्यायलय कुनै पार्टी, वाद, तन्त्र, ब्याक्ति बिशेषवाट प्रभावित हुनुहुदैन भन्ने कानुनी सिद्धान्त बनाउने ज्ञाताहरु समेत अहिलेको परिस्थितिमा अमर्यादित ढंङगवाट प्रस्तुत भईरहेको देख्दा यो देशमा राजनीतिको सेन्डिकेटवाट नै सवै काम भएको रहेछ । राजनीतिक दलले जो जसलाई मुद्दा लगाउनु भन्छ । तिनिहरुलाई मुद्दा लगाउने र नलगा भनेको खण्डमा नलगाउने र स्वतन्त्र न्यायलय होईन रहेछ । भन्ने पुर्व न्यायधिसहरुको अहिलेको गतिविधिले त्यही संकेत गरेको छ ।

स्वतन्त्र नागरिकहरुले पाएका सजायहरु राजनीतिवाट प्रभावित भएर गरिएका फैशलाहरु रहेछन् भन्ने सवैले बुझ्न थाले र पुर्व न्यायधिसहरु माथि प्रश्न उठ्न थाल्यो भने त्यसको असर समग्रमा न्याय क्षेत्रलाई पर्ने बिषयमा न्याय क्षेत्रका पुर्व न्यायधिस र बरिष्ठ वकिलहरुले बुझ्न जरुरी छ ।

बिगतमा ति पुर्वन्याधिसहरुले गरेका फैशलाहरु सवै फर्जी रहेछन् भनेर जनताले भन्न थालेभने लोकतन्त्रको सर्वोच्चता मानेको न्यायलयको अवस्था कस्तो होला । त्यसकाराण पुर्व न्याधिसहरुले उठाएका र बोलेका बिषयहरु अमर्यादित छन् । लोकतन्त्रलाई मान्ने पक्षधरहरुले अदालतलाई प्रभावित पार्ने केही कमिकमजोरी त भई नै सके त्यो घटनावाट न्यायलयलाई मर्यादित बनाउन लाग्नुपर्छ । बरु बिगतमा भएका अनुभव ईजलासहरुमा सल्लाहको रुपमा सदुपयोग गर्न सकिन्छ । यो खालको सार्वजनिकस्थलमा उत्रदा बिश्वमा नेपालको लोकतन्त्रप्रति हेर्ने बिश्वासनीयतामा प्रश्न उठ्न सक्छ । जसले नेपालको साखः गिर्न सक्छ । यस्तो कार्य कसैले नगरुण । शत्रुको रिसले छोरा कुट्नु आफनै लागि घाटा हो । न्यायलयले गर्ने हरेक कार्य कसैको लहड र आवेग प्रभावमा नहुने भएको हुदा नै स्वतन्त्र न्यायपालिका भनिएको हो । त्यसैले स्वतन्त्र न्यायपालिकाको मर्यादा राखौं ।

# भ्रष्टाचार विकासको बाधक हो

**कुलचन्द्र पराजुली**

असल शासन र नागरिकमुखी शासनको पक्षपोषण गर्ने सुशासनले राज्यमा निहित स्रोत, साधन, अधिकार र शक्तिको न्यायोचित बाँडफाँट तथा यसको समुचित परिचालनमा जोड दिने गर्छ । यसो हुँदा शासनप्रति आमनागरिकको अपनत्वभाव वृद्धि हुने गर्छ । सुशासनका लागि भ्रष्टाचारमुक्त र चुस्त प्रशासनका अलावा राज्य प्रदत्त सेवाहरूको प्रवाह मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण हुनु पनि जरूरी छ । मुलुकमा सुशासन कायम गर्ने मुख्य जिम्मेवारी सरकारको हो तथापि बहुस्तरीय शासनको प्रभाव रहेको वर्तमान शासन प्रणालीमा सुशासनको प्रत्याभूति दिलाउनका लागि सरकारका अतिरिक्त निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्थाको साथै आमनागरिक पनि सजग, सचेत र जिम्मेवार हुनुपर्छ ।

जहाँ सुशासनको चर्चा गरिन्छ, त्यहाँ भ्रष्टाचार स्वतः जोडिएर आउँछ । भ्रष्टाचार विकासको बाधक हो, समाजको कसिङ्गर हो, नागरिकलाई अन्धकारको धकेल्ने औजार हो । यसले मुलुक, समाज र विश्वलाई अद्योगतिमा धकेलिरहेको हुन्छ । विकसित मुलुकको तुलनामा नेपालजस्ता विकासोन्मुख मुलुक र अतिकम विकसित मुलुकमा भ्रष्टाचारको सघनता अझ व्यापक बन्दै गएको देखिन्छ, जसले त्यस्ता मुलुकको गरिबी, बेरोजगारी, असमानता जस्ता सूचकको मानचित्रलाई गुणात्मक रूपमा बढाउँदै लगेको पाइन्छ । नेपाल पनि आक्रान्त छ भ्रष्टाचारबाट ।

सार्वजनिक स्रोत, साधनको कुशल व्यवस्थापन, विधिको शासन, वित्तीय अनुशासन, जिम्मेवारपूर्ण र जवाफदेही प्रशासनको निर्माणमार्फत सार्वजनिक प्रशासनलाई जनमुखी, प्रभावकारी र परिणाममुखी बनाउनु नै सुशासनको मूल ध्येय हो । यसले नागरिक सन्तुष्ट शासनको लक्ष्य बोकेको हुन्छ । राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता, प्रशासनिक कटिबद्धता, सञ्चारजगत् र नागरिक समाजको तटस्थतापूर्ण कार्यशैली र सचेत एवम् सजग नागरिक सुशासनका पूर्वसर्त हुन्, जसका लागि राजनीतिज्ञ, प्रशासक, आमनागरिकमा आत्मकेन्द्रित र स्व-अनुशासनमुखी शिक्षा तथा सचेतना हुनु जरूरी छ । त्यसैगरी, सुशासनका लागि सदाचार र नैतिकताको पनि उत्तिकै जरूरी छ । यो आत्मानुशासन केन्द्रित शिक्षा प्रणालीबाट प्राप्त हुन्छ । यसबाट मुलुकको समग्र शिक्षा प्रणाली गुणस्तरीय बन्न पुगी शासन सुशासनमा रूपान्तरण हुन सक्छ । अनि समृद्धिको आधार तय हुन जान्छ ।

सुन्दा राम्रो सुनिने सुशासन शब्दको व्यावहारिक कार्यान्वयन निकै ओझपूर्ण रहेको छ । सुशासनका पनि विविध पक्षहरू हुन्छन् । तीमध्ये राजनीतिक र वित्तीय पक्षको अलि बढी चर्चा हुने गरेको पाइन्छ । चाहे सुशासनको राजनीतिक पक्ष होस् या वित्तीय या अन्य कुनै, यी सबैका लागि सर्वप्रथम स्वअनुशासन आवश्यक पर्छ । स्वअनुशासनले देशको मूल राजनीतिका अतिरिक्त समग्र प्रशासनलाई पारदर्शी, जवाफदेही, मितव्ययी, पूर्वानुमानयोग्य र विधिसम्मत् बनाउन अभिप्रेरित गर्छ । यी कुरा सुशासनका आधारस्तम्भ पनि हुन् ।

मुलुक चाहे विकसित होस् या अविकसित, ठूलो होस् या सानो, राजतन्त्रात्मक होस् या गणतन्त्रात्मक, साम्यवादी होस् या प्रजातन्त्रवादी, आज ती सबै मुलुकमा सुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ । त्यसको एउटै जड हो- भ्रष्टाचार । अनि, आर्थिक स्तरलाई सम्पन्नताको आधार मान्ने सामाजिक सोच र बनावट । भ्रष्टाचारले मुलुकको आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिक, राजनीतिकलगायतको क्षेत्रमा परोक्ष-अपरोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । नेपालमा लम्बिँदो संक्रमणकाल, कानुनको आफू अनुकूल व्याख्या गर्ने प्रवृत्ति, आफन्त प्रतिको बढ्दो आकर्षण, राजनीतिज्ञदेखि प्रशासन संयन्त्रसम्ममा देखिएको नैतिक स्खलनले भ्रष्टाचारलाई प्रश्रय दिइरहेको तथ्य विभिन्न अध्ययनहरूले उजागर गरेकै छन् । अर्कोतर्फ, सूचना प्रविधिको प्रयोगप्रति उदासिनता, प्रशासन संयन्त्रमाथि हुने राजनीतिक हस्तक्षेप, राम्राभन्दा पनि हाम्रा भन्ने मान्यतामा आधारित रहेर हुने राजनीतिक नियुक्तिले पनि मुलुकलाई भ्रष्टाचारको चङ्गुलमा धकेलिरहेको हुन्छ । पद, पैसा र स्वार्थकेन्द्रित राजनीति, राज्यभन्दा पनि व्यक्ति वा पार्टी केन्द्रित राजनीतिक स्वार्थ, नागरिकका माग र आवश्यकताभन्दा पनि राजनीतिक भागबण्डाका आधारमा बजेट छर्ने प्रवृत्ति पनि भ्रष्टाचारका कारक हुन् । यस्ता प्रवृत्तिले मुलुकको समृद्धिका लागि अपरिहार्य रहेको सुशासनको घाँटी थिचेर मुलुकलाई कुशासनको पथमा डोऱ्याइरहेको देखिन्छ ।

वर्तमान विश्वमा प्रायः सबैजसो मुलुकले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि प्रशस्तै संस्थागत एवम् कानुनी व्यवस्थाहरु गरेको पाइन्छ । भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रवर्द्धनकै लागि राज्यहरूले वार्षिक रूपमा करोडौं रकम खर्चिरहेकोसमेत पाइन्छ । नेपालले पनि यसका लागि विभिन्न प्रयासहरु गर्दै आएको छ । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग (अदुआ) को स्थापना गरी यसलाई संवैधानिक अङ्गको मान्यता दिनु, भ्रष्टाचार निवारण ऐन २०५९ लगायतका ऐन कानुनहरु तर्जुमा गरिनु, भ्रष्टाचारविरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा हस्ताक्षर गरी ऐक्यबद्धता जनाउनु, सार्वजनिक निर्णय र खर्चलाई पारदर्शी बनाउनुपर्ने नीतिको अङ्गीकार गर्नु, भ्रष्टाचार नियन्त्रणसम्बन्धी विभिन्न रणनीतिहरु समय-समयमा जारी हुनु आदि यसका दृष्टान्त हुन् । तर, जुन मर्म र भावनाले उल्लिखित व्यवस्थाहरु गरियो त्यो भावनाअनुरुपको कार्यान्वयनको अभावले यी व्यवस्था वा रणनीतिहरु कागजमा मात्र सीमित बन्न पुगेको आभास हुँदै गएको पाइन्छ । सुशासन प्रवर्द्धन र भ्रष्टाचारको नियन्त्रण गर्ने कार्य समाजको माथिल्लो तहबाट हुनु जरूरी छ । शासनको मूल मियो राजनीति र यसबाट निर्देशित सरकार यस कार्यप्रति इमानदार हुनु जरूरी छ । माथिल्लो ओहोदा वा जिम्मेवारीमा बसेका व्यक्ति सदाचारी र नैतिकवान हुन्छन् भने त्यसको प्रभाव समाजको तल्लो तह तप्कासम्मै पुग्ने हाम्रो पारिवारिक संस्कारबाटै पुष्टि हुन्छ । हो, नेपालमा भ्रष्टाचार माथिल्लो तहबाट तल्लो तहतर्फ प्रवाहित भएको देखिन्छ । तर विडम्बना, हामी सुशासन कायम गर्नका लागि समाजको तल्लो वर्गको सुधार खोजिरहेका छौं । उनीहरूलाई सदाचारी र नैतिकवान बनाउन र ससानो तहमा हुने भ्रष्टाचार नियन्त्रणमा मात्र हाम्रो समग्र शक्ति खर्चिरहेका छौं । हुन त भ्रष्टाचारलाई सानो या ठूलो तहमा हुने भ्रष्टाचार वा सानो या ठूलो रकममा हुने भ्रष्टाचार भनेर छुट्टयाउन मिल्दैन तर यो कुरा मनन गर्नुपर्छ कि हामीले सुशासन कायम गर्नका लागि कति सत्त्यामा राजनीतिक तहमा हुने नीतिगत भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्यौं ? र, कतिलाई सजायको दायरामा उभ्याउन सक्यौं ? भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्थापित अदुआ भनौं या अन्य कुनै यस्तै निकायको कार्यक्षेत्र सीमित गरिनुले समेत नीतिगत तहमा हुने भ्रष्टाचारलाई प्रश्रय दिएको आवाजसमेत जनमानसमा गुञ्जायस भएको प्रशस्तै सुनिन्छ । यसलाई अदुआलगायतका निकायले नेपाल सरकारलाई समय-समयमा नीतिगत सुधारका लागि दिने गरेको सुझावले समेत पुष्टि गर्छ ।

अर्कोतर्फ, वर्तमान नेपालको संविधानअनुसार अदुआले अनुचित कार्यसम्बन्धी विषयको अनुसन्धान र अभियोजन गर्न नपाउने व्यवस्थाले पनि अप्रत्यक्ष रूपमा भ्रष्टाचारलाई ढाडस मिलेको भन्ने तर्कसमेत सुनिन थालेको छ । यी सबै तथ्यलाई मनन गर्दै सोसम्बन्धमा नेपाल सरकारले यथोचित सम्बोधन गर्न संवैधानिक र नीतिगत सुधार गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

सुशासन र सदाचारमार्फत समृद्धिको परिकल्पना गर्ने हो भने भ्रष्टाचारविरूद्धमा चालिने सम्पूर्ण पहलकदमीलाई थप सशक्त र प्रभावकारी बनाइनुपर्छ । सरकार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय सङ्घ संस्था अर्थात् शासनका सबै पात्र र तह-तप्काबीचमा आपसी सहकार्य र समन्वय हुनुपर्छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्थापित अदुआजस्ता संस्थाको कार्यक्षेत्र विस्तार गरी यिनीहरूको भूमिकालाई अझ प्रभावकारी बनाइनुपर्छ ।

नीतिगत तहमा हुने भ्रष्टाचारलाई पनि विनाकुनै रोकतोक छानबिनको दायरामा ल्याउनुपर्छ । आमनागरिकमा स्वअनुशासन केन्द्रित र नैतिक शिक्षा प्रदान गरिनुपर्छ । सुशासन र सदाचार प्रवर्द्धनका लागि तय भएका कार्यक्रम र तर्जुमा भएका ऐन/कानुनको वस्तुनिष्ठ ढङ्गले कार्यान्वयन हुनुपर्छ । राष्ट्रहित र नागरिक कल्याणका लागि समर्पित राष्ट्रसेवक कर्मचारीहरूको तथ्यपरक पहिचानका आधारहरु तय गरी उनीहरूलाई सोहीअनुसार प्रोत्साहन गरिनुपर्छ । अनुचित कार्य गर्ने कर्मचारीलाई कानुनबमोजिम सजाय गरिनुपर्छ । अनि, आर्थिक सम्पन्नतालाई सामाजिक प्रतिष्ठाको मापन गर्ने हाम्रो सोचमा समेत परिवर्तन हुनुपर्नेछ । हामीले मुलुकमा सुशासन र सदाचारमार्फत समृद्धिको खोज गरेका हौं भने हामी आफैँमा इमानदारी, नैतिकता, वफादारी, जवाफदेहिता, कर्तव्यपरायणता र आत्मानुशासनजस्ता गुण अन्तरनिहित हुनु जरूरी छ । साथै, नागरिकदेखि विश्वस्तरसम्मको आपसी सहकार्य र समन्वय कायम गर्दै असल कार्य गर्नेलाई राज्यको तर्फबाट उत्प्रेरणा र सम्मानभाव प्रकट गर्नु पनि उत्तिकै जरूरी छ । यसका अलावा सुशासन र सदाचार प्रवर्द्धन गर्ने कार्य गर्ने संस्थाहरूको सबलीकरण, सम्बन्धित कानुनहरूको समसामयिक सुधार, दृढइच्छाशक्ति भएको नेतृत्वको चयन र पारदर्शी निर्णय प्रक्रियाको अवलम्बन पनि हुनु आवश्यक छ । जसबाट मात्र हाम्रो संविधानले परिकल्पना गरेको दिगो शान्ति, विकास र सुशासन तथा हामीले परिकल्पना गरेको समृद्ध नेपालको सपना साकार हुने देखिन्छ ।

(लेखक नेपाल सरकारका अधिकृत हुनुहुन्छ ।) गोरखापत्र

# टोखा हत्याकाण्ड : श्रीमानको हत्यापछि आत्महत्या गरेको प्रारम्भिक निष्कर्ष

काठमाडौं । काठमाडौंको टोखामा शुक्रबार राति मृत भेटिएकी सुदिक्षा गिरीले उनको श्रीमान उमेश केसीको हत्यापछि आत्महत्या गरेको प्रहरी अनुसन्धानले देखाएको छ । अनुसन्धानलाई पुष्टि गर्ने गरी त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा भएको पोष्टमार्टममा संलग्न चिकित्सकले प्रारम्भिक विवरण प्रहरीलाई दिएका छन् । काठमाडौं प्रहरी परिसर, टेकुका प्रमुख एसएसपी अशोक सिंह भन्छन्, 'हालसम्मको अनुसन्धान, पोष्टमार्टमको प्रारम्भिक रिपोर्टले हत्यापछि आत्महत्या नै गरेको हुनसक्ने देखिएको छ । अन्य पाटोबाट पनि विस्तृत अनुसन्धान गरिरहेका छौं ।' काठमाडौं प्रहरी परिसर, टेकुका अनुसन्धान अधिकृतका अनुसार केसीको बायाँपट्टीको टाउको फयाक्चर हुने गरी सिलौटो प्रहार गरिएको पाइएको छ । 'रगत लत्पतिएको सिलौटो बरामद भइसकेको छ, प्रहारबाट उच्च रक्तश्राव भइ मृत्यु भएको चिकित्सकहरूको भनाइ छ', अनुसन्धानमा संलग्न अधिकृतले भने, 'चित्सिकहरूको निष्कर्ष डेथ ड्यु टु ब्लन्ट फोर्स इन्जुरी भन्ने छ ।' चिकित्सकका अनुसार केसीको शरीरको अन्य भागमा कुनै चोटपटक देखिएको छैन । उनको मृत्युको करिब १२ घन्टापछि मात्रै सुदिक्षाले आत्महत्या गरेको भनिएको छ । 'उमेशको शव नै सड्न लागेको अवस्थामा भेटिएको थियो, हेर्दै अलि पुरानो हुनसक्ने आशंका गरेका थियौं', अनुसन्धान अधिकृतहरू भन्छन्, 'सुदिक्षाको घाँटीमा लिगेचर मार्कबाहेक अन्य कुनै पनि संकेत शरीरमा देखिएको छैन ।' घटनास्थलको अन्य वस्तुस्थितिले पनि उनले आत्महत्या नै गरेको देखिएको अनुसन्धानमा संलग्न अधिकृतहरूको भनाइ छ ।

# चिसो बढेपछि मध्य तराईको जनजीवन कष्टकर

रौतहट । विगत केहि दिनदेखि जारी शीतलहर र बाक्लो हुस्सुका कारण अत्यधिक चिसो बढेपछि रौतहटसहित मध्य तराईका जिल्लाहरूको जनजिवन कष्टकर बनेको छ । बाक्लो मात्रामा हुस्सु लागेर चिसो हावासमेत चल्न थालेपछि मध्य तराईका रौतहट, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, लगायतका जिल्लाहरूको जनजिवन कष्टकर बनेको छ । शीतलहरसँगै अत्यधिक जाडो बढेपछि बालबालिका तथा वृद्धवद्धा त्यसको प्रत्यक्ष मारमा परेका छन् भने जाडोबाट दैनिक मजदुरी गरी जीविकोपार्जन गर्ने मजदुर, किसान र चालकहरू पनि प्रभावित भएका छन् । विगत दुई दिनदेखि दिनमा तथा रातमा बाक्लो सितलहर चलेका कारण जनजीवन झनै कष्ठकर बनेको छ । चिसोका कारण बजारमा किनमेल गर्ने सर्वसाधारणको संख्या घटेको छ भने चौक चौतारो, बाटोघाटो र सार्वजनिक स्थलमा आगो ताप्नेहरूको संख्या बढेको छ । चिसोका कारण स्वास्थ्य संस्थाहरूमा बिरामीको चाप समेत बढेको छ । अत्याधिक चिसोका कारण रौतहटका स्वास्थ्य संस्थाहरूमा बिरामीको संख्यामा लगातार वृद्धि हुँदै गएको छ । चिसोका कारण जिल्लाको सदरकमुकाम गौरका साथै गरूडा, चन्द्रनिगाहपुर, कटहरिया, समनपुर लगाएतका शहरका स्वास्थ्य संस्थाहरूमा रूघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियाका बिरामीको सङख्या बढ्दै गएको अस्पतालहरूले जनाएका छन् । जाडो तथा शीतलहरका कारण बालबालिकामा निमोनिया रोग बढी देखा परेको छ भने वृद्धबृद्धामा दमको रोग बढ्दै गएको चिकित्सकहरूको भनाई छ ।

केहि दिन यता फेरि चलेको शतिलहरबाट लुगा कपडाको अभावमा परालको आगो बालेको (घुरा) तापेर शतिलहरबाट बाँकी ८ पृष्ठमा

# “जडिबुटी क्षेत्रवाट आर्थिक क्रान्त्रि गरेरै छाड्छु”

नेपालमा जल, जमिन र जङ्गल तिनवटै क्षेत्रलाई समेटेर बिकास गर्ने सपना बाड्नेहरू पनि सरकारमा गएको धेरै बर्ष भईसक्यो तर नेपालका जडिबुटीको अत्याधिक प्रयोग गरेर नेपालको उन्नति प्रगति गर्ने बिषयमा खासै चासो कसैको देखिदैन । तर त्यही जडिबुटी व्यवसायी क्षेत्रमा काम गरिरहेका व्यवसायीहरूले आफ्नै बलबुताले काम गरिरहेका छन् । हाम्रो जन आकाशले नेपालको जडिबुटी र बिश्व बजारको स्तम्भमा जडिबुटी व्यवसायी संघ नेपालका अध्यक्ष बिष्णु भण्डारीको अनुभवलाई यहा जोडेका छौ ।

**० स्वागत छ यहालाई हाम्रो जन आकाश मिडियाको नेपाली जडिबुटी र बिश्व बजार स्तम्भमा ।**

धन्यवाद ।

**० कोभिडको संक्रमण र सन्त्रासपछि जडिबुटी व्यवसायी संघ नेपालको अवस्था कस्तो छ र के गदैछ । भन्दिनुस न ?**

कोभिडले बिश्वलाई पारेको असरले हाम्रो व्यवसायलाई पनि छति पुऱ्यायो तर त्यो क्षतिको बाजबुद पनि हामीले केही नयाँ कुराहरू सिक्यौ । त्यो अनुभव र अध्ययनलाई सम्बन्धित निकायहरूसम्म पुऱ्याएर आउदा दिनमा जडिबुटी क्षेत्रको उन्नति प्रगति र जडिबुटी व्यवसायीहरूले ब्यहोर्न परेका समस्याको बारेमा काम गर्ने प्रन्यत्न गरिराखेका छौ ।

जस्तै विगतमा कुनैपनि जडिबुटी व्यवसायीहरू लाई बिना धितो बैकहरूले ऋण दिदैन थिए । मेरो नेतृत्वमा अहिले एनएमबी बैकसँग सम्झौता भएको छ । बैकले महिला उधमी, भएमा झनै ३ प्रतिशतमा र अन्य जडिबुटी व्यवसायीमो हकमा जडिबुटी व्यवसायको प्रमाण पत्र पेश गरेको आधारमा ३ देखि ५ प्रतिशत सहुलियत पुर्ण ऋण दिने सम्झौता भएको छ । यो हाम्रो लागि उपलब्धी हो ।

त्योभन्दा पनि अगाडी कोभिडको समयमा हामीले संक्रमण फैलने डर हुदाहुदै पनि हाम्रो जडिबुटी व्यवसायी संघले नेपालमा पाईने औषधीजन्य जडिबुटी जस्तै टिम्बुर,तुलसीको पात,गुँज्रो लगायत जुन जडिबुटीहरूले शरिरलाई स्फुति दिने, युनिटी पावर बढाउने खालका बिभिन्न ठाउँहरूमा बितरण पनि गऱ्यौ र कतिपय ठाउँमा फेरी जडिबुटी प्रयोग गर्न नजान्दा समस्या होला भनेर चेतनामुलक कार्यक्रम गरी प्रयोग गर्ने तरिकाहरू सिकायौ ।

अहिले हामी नेपालमा कुल जिडिपीको ५ प्रतिशत हिस्सा राख्छौ यसलाई अझै बढाएर जडिबुटी निर्यातजन्य पनि भएको हुदा नेपालको आम्दानी बढाउन हमीले बन बिभागसँग कुरा गरेर केही नयाँ तरिकाहरू पनि अपनाउन लागेका छौ ।

**० जिडिपीमा निर्यातमा जडिबुटीको ५ प्रतिशत हिस्सा छ भन्नुभयो त्यसलाई बढाउने कुरा गर्नुभयो । यो प्रशोधन गरेर की कच्चा पदार्थ ?**

– अहिले हामीले प्रशोधन नगरी चाईना र इन्डियमा कौडीको भाउमा बेचिरहेका छौ । जुन जडिबुटी नेपालमा मात्र पाईन्छ । त्यो जडिबुटीलाई नेपालमा नै प्रशोधित गरेर बेच्दा बढी हामीलाई फाईदा हुन्छ । नेपालमा पाईने जति सवै जडिबुटी नेपालमा नै प्रशोधित गरेर पठाउनुपर्छ ठुला ठुला आयुर्वेदिक औषधी उद्योगहरू खोल्नुपर्छ भन्ने हाम्रो मान्यता हो । तर हाम्रोमा सवै स्रोत साधना उपकरण तत्कालै सम्भव छैन । ठुलो लगानीको समस्या छ । भण्डारण्को समस्या छ । जस्तै एकजना किसानले तराईमा बाईस कट्ठा जमिनमा कुरिलो लगायो तर उसले उत्पादन गरेका बर्ष भाउ नपाएर खेतमा नै जोतेर फाल्नुपर्ने अवस्था आयो । त्यस्तै अलैचीको भाउ कुनैवेला केजीको १७ सय पुगेको थियो । गएको दुईबर्ष देखि भारतले समस्या झिकेपछि अहिले अलैची ५ सय रूपैयामा झरेको छ । भन्नुको अर्थ त्यो किसानले उत्पादन गरेको बस्तुहरूलाई नेपालमा नै प्रशोधन गर्ने हो भने लामो समयसम्म बिग्रदैन र मुल्य पनि राम्रो पाउछन् । त्यो प्रन्यास हामीले गदै आएका छौ । कुल जिडिपीको ५ प्रतिशत मात्र ओगेटेको जडिबुटी क्षेत्रलाई नयाँ नयाँ तरिका अपनाएर तत्कालै ठुला ठुला उधोग प्रशोधन गर्ने केन्द्रहरू स्थापना गर्न नसकेपनि कसरी कच्चा पदार्थ उत्पादन, बजार ब्यवस्थापन, सीपमुलक तालिम, नयाँ उपकरणको प्रयोग जस्ता तरिका अपनाएर भएपनि आउदो २ बर्षभित्रमा जिडिपीको १० प्रतिशत सम्म पुऱ्याउने हाम्रो लक्ष्य छ । त्यो भनेको व्यवसायीक जडिबुटी खेतीको रूपमा समेत लगाउने गरी हामी काम गदै छौ ।

**मैले बिगतमा यो भन्दाका अगाडीका जडिबुटी व्यवसायी संघ नेपालका निवर्तमान अध्यक्षसँग कुराकानी गरेको थिए । उहाले के भन्नु भएको थियो भने नेपालमा उत्पादित जडिबुटी कौडीको भाउमा बिदेश गईरहेका छन् । त्यसलाई नेपालमा नै प्रशोधन गरेर नेपालमा नै प्रयोग गर्ने र अन्य राष्ट्रमा पनि निर्यात गऱ्यो भने देशलाई धेरै फाईदा हुन्छ । नेपालमा लगानी गर्न सक्ने व्यवसायी पनि छन् । तर सरकारले बातावरण बनाई दिनुपर्छ भनेर भन्नु भएको थियो । तपाईले केही अध्ययन गर्नुभएको छ ?**

हामीले यो भन्दा लगभग पाँच महिना अगाडी नेपाल सरकारको नीति तथा कार्यक्रम आउनुभन्दा




अगाडी बजेट आउने समयमा सरकारको मातहतका सम्बन्धित निकायहरूसँग समन्वय गरेर प्रशोधित कम्पनीहरू चाहियो जडिबुटी व्यवसायीहरूलाई परेका नीतिगत समस्याहरू जडिबुटीलाई हेर्ने निकायको खाचो छ ।जडिबुटी बिकास बोर्ड वा सोजो ढंङगवाट सजिलै काम गर्ने सक्ने निकायको खाचो छ । हाम्रो जडिबुटीलाई कृषि सरह मान्यता नदिईएको अवस्था छ । हामीलाई कृषि सरह ऋण उपलब्ध हुनुपऱ्यो बीमाको ब्यवस्था हुनुपऱ्यो । जडिबुटी निस्किन्छ भदौ असोजमा मंसिर देखि कागज निकाल्ने ब्यवस्था छ । बिभिन्न नीतिगत समस्याहरू छन् । त्यही कारणले जडिबुटीहरू कुईएर कोहि हिउले पुरिएर नोक्सान हुने समस्याहरू छन् । समयमा सामानहरू ल्याउन नसकिने हामीले खेति गरेका सामानहरू पनि बनले रोक्छ । प्रहरीहरूले रोक्छन् । खेति गरेका र बनवाट संकलन गरेका सामानहरू थन्काउने ठाउँहरू हुदैनन् । एकठाउँमा कर तिरेपनि अहिले स्थानीय, जिल्ला बिभिन्न ठाउहरूमा कर तिर्नुपर्ने झन्झटहरू छन् । यस्ता नीतिगत समस्याहरू सरकारले सावधान गरिदिनु पऱ्यो भनेर हामीले निक्कै तदारूकताका साथ पहल गऱ्यौ ।

त्यसमध्य ७ वटा प्रदेशमा प्रशोधन केन्द्र खोल्ने भनेर लेखिएको छ । गण्डकी प्रदेशमा प्रशोधन केन्द्र खोल्ने काम भएको छ । यो स्वागतयोग्य काम हो । हामीले नेपालको राजधानी काठमाडौ महत्वको हिशावले बागमति प्रदेशमा पनि जडिबुटी प्रशोधन केन्द्र र औषधी उधोग चाहियो भनेर पहल गरिराखेका छौ । तथापी नेपालको दुंभाग्य भन्नुपर्छ राजनीतिक परिवर्तन हुने, कर्मचारीहरूले व्यवसायीका मर्का नबुझिदिने बनमा गयो कृषिमा जा भन्ने कृषिमा गयो यो त बनको काम हो भन्ने जस्ता घुमाउने नीति दुखः दिने नीति एक अर्का मन्त्रालयले दोस लगाएर पन्छिने जस्ता कामले हाम्रा कामहरू ढिलासुस्ती भईरहेका छन् हामीलाई जतिको जडिबुटीको माया र देशको जडिबुटी कौडीको भाउमा बेच्न काहा रहर छ र ! हामीले सक्दो पहल गरिराखेका छौ सम्बन्धित निकायमा धाईरहेका छौ । म यस जडिबुटी ब्यवसायी संघ नेपालमा आईसकेपछि झण्डै आधा समस्याहरू बिभिन्न निकायमा महल गरेर सावधान गरिसकेका छौ । केही बाकी छन् ।

त्यसमा तपाईले उठाउनु भएको प्रशोधन केन्द्र र ठुला आयुर्वेदिक औषधीको पनि समस्या चाडै हल गर्न प्रन्यास भईरहेको छ । बिश्वास गरौ त्यो चाडै सम्भव हुन्छ । जसरी नेपालमा अन्य उधोग खोल्न प्रन्यासरत छन् । जडिबुटीवाट देशलाई समृद्ध बनाउन, देशमा गरिबी हटाउन,किसान, मजदुरलाई रोजगार दिन, बेरोजगार हटाउन सकिन्छ त्यो कसरी भन्दा यो यो तरिकाले भनेर हामीले खाकासहित सरकारसँग पहल गरिहेका छौ ।

**अहिले जडिबुटी सम्बन्धित कम्पनीहरूले कतिजति मानिसहरूलाई रोजगार दिईरहेका होलान् ?**

हामीसँग यथार्थ तथ्याङ्क त छैन । यसको पनि धेरै खालका फयाकल्टीहरू छन् । हामी धेरै साथीहरू हाम्रो संस्थामा हुनुहुन्छ । यो जडिबुटी व्यवसायी संघ नेपाल




## बिष्णु भण्डारी
## अध्यक्ष, जडिबुटी ब्यवसायी संघ नेपाल

हो ।अन्य उधोग वालाहरू पनि हुनुहुन्छ । कोही प्रशोधन गरेर पठाउने पनि हुनुहुन्छ । नेपालको पश्चिमी भुभागका अधिकांश यही जडिबुटीमा निर्भर छन् ।

अहिले त खेतीको रूपमा पनि बिस्तार भएको कारण साना साना किसानहरूले समेत यसवाट रोजगारी पाईराखेको हुनाले प्रत्यक्ष, अप्रत्यक्ष २५ लाँखभन्दा बढी मानिसहरूले रोजगार पाईराखेको हाम्रो अध्ययनले देखाउछ । यसलाई बढाएर पचासौ लाँख मानिसहरूलाई रोजगार दिने खेती बढाउने, तालिम दिने प्रशोधन गरेर बिदेश निर्यात बढाउने हो भने देश समृद्ध हुनलाई जडिबुटी क्षेत्रले नै धेरै गर्न सक्छ । त्यसमा हामी लागेको लाग्यै छौ ।

**माथि तपाईले समस्या उठान गर्नुभयो र गुनासो भएको पनि ब्यात्त गर्नुभयो सरकारसँग सरकारले के गरिदिदा सहज हुन्छ बुदागत भनिदिनुस न यो सम्बन्धित निकायमा पुगोस ?**

हाम्रो देश हावापानीको बिबिधता भएको मुलुक हो । याहा पाईने हावापानी जस्तो प्रकृतिक भौगोलिक संसारमा काही पनि पाईदैन । लाखौ लाख क्षेत्रफल जग्गाहरू त्यतिक्कै खेर गईरहेको छ । चाहे त्यो राष्ट्रिय निकुञ्जको बन होस् । चाहे त्यो सामुदयिक बन होस् ।

बन उपभोक्ता समिति होस् । ति जुनसुक्कै बनहुन् तिनिहरूको परिक्षण गरेर नीजि क्षेत्रलाई लिजमा केही समयको लागि उपलब्ध गराईदिनु पऱ्यो । त्यसपछि हामीले त्यहा हामीले जडिबुटी खेती गर्छौ । औषधी भन्ने बित्तिक्कै मसला आईटम पनि जडिबुटीमा पर्छन् । जाईफल, सुकमेल, ल्वाङ, जिराहरू, , तेजपत्तालगायत हाम्रो सिंहदरवारमा रहेको बैद्यखानाले पनि यिनै बस्तुहरूको प्रयोग गर्छ । हाम्रो दैनिकी भान्सामा प्रयोग हुने बस्तुहरू पनि जडिबुटीमा नै पर्छ अहिले हामीले बिदेशवाट आयत गरिराखेका छौ । यसरी जग्गा सरल र सहुलियतमा उपलब्ध भयो भने आफनै देशमा हामीले खेती गर्नसक्छौ ।

त्यसपछि बिदेशवाट आयत गर्नुपदैन र देशमा नै त्यो रकम रहन्छ । अर्को भन्सारवाट आयात हुने जो नेपालमा नै उत्पादन हुने जडिबुटी बिदेशवाट आयात भईरहेको छ भने त्यसलाई कडाई गर्नुपऱ्यो । जसले नेपालका किसान र ब्यवसायीको मेहनत, लगानी सुरक्षित होस् । प्रशोधन गर्न मेशिन औजारहरू बिदेशवाट नै ल्याउनु पर्ने हुनाले कृषिलाई जस्तै मान्यता दिएर भन्सार छुट दिन पऱ्यो । जडिबुटी क्षेत्रमा अनुदान भएको त सुनेका छौ । तर काहा आउछ । कता आउछ । त्यो काम गर्ने क्षेत्रमा प्रयोग भएको छकी छैन ? त्यो सही ठाउमा प्रयोग हुन पऱ्यो । बीमाको जडिबुटीमा समस्या छ बीमाको ब्यवस्था गरिदिनु पऱ्यो ।कुनै जगिबुटी अरबौ रूपमा निर्यात गरिरहेका छौ । त्यस्ता जडिबुटी निर्यात गर्दा प्रकृतिक प्रभाव पर्दैन भन्ने खालका जस्तै झयाउँ जस्तै धेरै धेरै अन्य जडिबुटीहरू प्रतिबन्ध छन् । जुन प्रयोग नभएमा खेर जान्छन् । जस्तै फलजाति फुलजाति फुलफुलेर जाने जडीबुटी त्यो बर्ष टिपेन भने सुकेर झरेर कुहिएर जान्छ ति जडिबुटीलाई कुनै परिणम नतोकी ओसार पसार गर्न किनबेच गर्न वातावरण मिलाई दिनुपऱ्यो । नीति नीयमहरू परिवर्तन गर्नुपर्ने छन् तिनिहरूलाई सरकारले ध्यान दिएर समयमा नै चेज गरिदिनु पऱ्यो । बन डिभिजन कार्यलयहरूले पौष मसान्तसम्म कार्ययोजनामा हाल्ने भन्छन् तर कार्ययोजनामा हाल्दैनन् । त्यसैले त्यो त्यतिक्कै कुहिएर जान्छ । हामीलाई बिदेशवाट अडर आउछ हामीले दिन सक्दैनौ देशमा आउने अरबौ रूपैया खेर जान्छ । अडर लिएको बैना पैसा त्यतिकै फिर्ता गर्नुपर्छ । यसलाई समयमा कार्ययोजनामा हालिदिनु पऱ्यो । तत्कालै यि समस्याहरू सावधान गरिदिने हो भने हामीलाई सहज हुन्छ ।

**० तपाईहरूको जडिबुटीवाट आयुर्वेदिक औषधी, औषधीहरू बन्छन् र कतिपय घरेलु ढङ्गवाट नै प्रयोग गर्छन् । ति उपभोक्ताहरूलाई तपाई के भन्न चाहानुहुन्छ ?**

– हाम्रो देशको आयुर्वेदिक प्रायोग गरिदिनुस् । तपाईहरूले बिदेश बिदेश भनेर नबस्नुस् । नेपालमा पनि धेरै प्रकारका स्रोतहरू छन् । हामीसँग सरसल्लाह गर्नुस । जडिबुटी ब्यवसायी संघमा आउनुस् । हामी तपाईहरूलाई जानेको सीप सिकाउछौ । मैले आफैले पनि धादिङ, दोलखा, काभ्रेमा जडिबुटी खेती गरिरहेको छु । हामीसँग भएको सीप, ज्ञान हामी सिकाउछौ । हामीले नजानेको जडिबुटीको क्षेत्रमा बिज्ञहरू बोलाएर, सल्लाह लिएर र सम्बन्धित निकायसँग समन्वय गरेर पनि सहयोग गर्छौ । हामीले प्रयोग गरिरहेका औषधीहरूको बारेमा पनि बैद्य,कविराजहरू, आयुर्वेदिक डाक्टरहरूको सल्लाहमा मात्र प्रयोग गर्नुपर्छ प्रयोग गर्न नजान्दा जथाभावी प्रयोग गर्दा समस्या हुनसक्छ । जडिबुटीको बारेमा कुनैपनि सहयोग परामर्श दिन हाम्रो जडिबुटी व्यवसायी संघ नेपाल र म जतिबेला पनि तपाईहरूको सेवामा रहने प्रतिवद्धता यो जन आकाश मिडिया मार्फत जनाउदछु । हाम्रा यहा भएका जडिबुटीहरूलाई माया गर्नुस्, रोप्नुस् प्रकृतिमा रहेका चिजहरूलाई पनि संक्षण गर्न सिक्नुपर्छ । जडिबुटीलाई माया गर्नुपर्छ जय जडीबुटी भन्न चाहान्छु ।

**० बिदेश बिदेश भनेर नबस्नुस् नेपालमा नै धेरै गर्न सकिन्छ भन्नुभयो ति बेरोजगार युवाहरू जडिबुटीमा केही गर्छु भनेर आएभने जडिबुटी व्यवसायी संघले ति युवाहरूलाई के गर्न सक्छ ?**

– हाम्रो जडिबुटी व्यवसायी संघ नेपाल संस्थामा आवद्ध सवैको आफ् आफै ब्यस्त हुन्छौ । त्यसका बाबजुद पनि जडिबुटी क्षेत्रमा आउन चाहाने जो कसैलाई हामी हामीले जानेको सीप, ज्ञान, तालिम दिएर कुन क्षेत्रमा कुन जडिबुटी हुन्छ । कुन भुगोलमा काहा के गर्दा हुन्छ सवै सिकाएर नेपालमा नै जडिबुटी खेती गरेर बिदेशवाट आउने जडिबुटीलाई समेत प्रतिस्थापन गर्न हामी सक्छौ मेरो पालामा नै जडिबुटीवाट आर्थिक क्रान्त्रि गरेरै छाड्छु लागिरहेको छु त्यो अभियाँनमा लगाउछौ । बिदेश जान खोजिरहेका र याहा केही पनि छैन भन्ने साथीहरूलाई याहा धेरै चिज छ । फलफुलहरू छ । पसुपालन छ । बिदेशवाट मासुहरू आयत हुन्छ । कतिपय जडिबुटी आयत हुन्छ । त्यस्ता चिजहरू पहिचान गरेर याही उत्पादन गर्नुपर्छ सवैले याही आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने बिश्वास दिलाउन चाहान्छु ।

**अन्तमा**

तपाईहरूको यो जन आकाश राष्ट्रिय साप्ताहिकमा मेरो धारणा राख्न दिनुभएकोमा धन्यवाद ।

# नयाँ सहकारी बैंक खुल्ने

सहकारी ऐन २०७४ ले एकभन्दा बढी सहकारी बैंक दर्ता गर्ने बाटो खुला गरेपछि सहकारी संस्थाहरूको लगानीमा नयाँ सहकारी बैंक स्थापना हुने भएको छ । हाल सञ्चालनमा रहेको राष्ट्रिय सहकारी बैंकले देशभरका सहकारी संघसंस्थालाई समेट्न नसकेको भन्दै नयाँ बैंक दर्ता गर्न लागिएको हो । नेपाल सहकारी बैंकको नाममा दर्ताका लागि आवश्यक तयारी पूरा भएको बैंक गठन कार्यदलका अध्यक्ष तथा नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए । अहिले सञ्चालनमा रहेको बैंकले सबै सहकारी संघसंस्थाको आवश्यक्ता पूरा गर्न सक्दैन, उनले भने, त्यसका लागि नयाँ बैंक स्थापना गर्ने प्रक्रिया अघि बढाएका हौं । हालसम्म बैंक दर्ताका लागि ७ सयभन्दा बढी संस्थाबाट सेयर प्रतिवद्धता प्राप्त भएको




र माघ दोस्रो साता प्रारम्भिक दर्ताका लागि सहकारी विभागमा पेश गर्ने उनले जानकारी दिए । सहकारी ऐन-२०४८ मा सहकारी क्षेत्रको एकमात्र सहकारी बैंक गठन गर्न सकिने व्यवस्था थियो । उक्त व्यवस्थाअनुसार दर्ता भएको राष्ट्रिय सहकारी बैंक सञ्चालनमा छ । देशभर २९ हजार सहकारी संस्था सञ्चालनमा रहेकोमा सहकारी बैंकमा १२ हजार मात्र सदस्य रहेका छन् । सरकारको समेत सेयर रहेको बैंकको पुँजी २ अर्ब २२ करोड, निक्षेप ४६ अर्ब ८८ करोड र कर्जा तथा लगानी २७ अर्ब १५ करोड रहेको छ । बैंकले सहकारी संघसंस्थाहरूसँग मात्र कारोबार गर्न पाउने व्यवस्था छ । सहकारी बैंकका अतिरिक्त केन्द्रीय र जिल्ला सहकारी संघहरूले पनि वित्तीय कारोबार गर्दै आएका छन् । नयाँ ऐनमा भने एकभन्दा बढी सहकारी बैंक गठन गर्न सकिने व्यवस्था राखिएको छ । ऐनको धारा १२ मा नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिइ सहकारी बैंकहरु गठन गर्न सकिने कुरा उल्लेख छ । त्यसैगरी सहकारी नियमावली-२०७५ को नियम ५ मा सहकारी बैंकको गठनका लागि सबै प्रदेशको प्रतिनिधित्व हुनेगरी कम्तिमा ५०१ वटा संस्था वा संघ हुनुपर्ने व्यवस्था छ । आवेदन दिने संस्था वा संघहरूको संयुक्त सेयर पुँजी कम्तिमा तीन अर्ब रूपैयाँ हुनुपर्ने, संयुक्त संस्थागत पुँजी कम्तिमा ५० करोड रूपैयाँ हुनुपर्ने, आवेदक संस्था वा संघ विगत तीन वर्षदेखि निरन्तर नाफामा सञ्चालन भएको हुनुपर्ने प्रावधान राखिएको छ । सहकारी बैंक गठन गर्दा राष्ट्रिय सहकारी महासंघको समेत सिफारिस आवश्यक पर्ने व्यवस्था गरेको छ । सहकारी ऐनले सहकारी बैंकको सेयर पुँजी नेपाल राष्ट्र बैंकले तोकिदिएबमोजिम हुने प्रावधान राखिएको छ । अहिलेसम्म राष्ट्र बैंकले सहकारी बैंकलाई अनुमतिपत्र दिनेसम्बन्धी कुनै नीतिगत व्यवस्था गरेको छैन । बैंक तथा वित्तीय संस्था ऐन (बाफिया) मा पनि सहकारी बैंकलाई अनुमति दिने व्यवस्था छैन । सञ्चालनमा रहेको सहकारी बैंकलाई अन्य संस्थाका रूपमा वित्तीय कारोबार गर्ने अनुमतिपत्र दिएको छ । प्रस्तावित नेपाल सहकारी बैंक गठन समितिका अध्यक्ष भण्डारी अब राष्ट्र बैंकले सहकारी बैंक सञ्चालनसम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्ने बताउँछन् ।

# राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक पदबाट कोइरालाको राजीनामा

प्रा. डा. उपेन्द्रकोइरालाले राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक पदबाट




राजीनामा दिएका छन् । बैंकका सञ्चालक समिति अध्यक्षमा धनीराम शर्मा चयन भएपछि कोइरालाले सञ्चालक समितिबाट राजीनामा दिएको एक सञ्चालकले जानकारी दिए । नवनियुक्त अध्यक्ष शर्माले गभर्नर महाप्रसाद अधिकारीबाट शपथ ग्रहण गरिसकेका छन् । कोइराला उपप्रधानमन्त्री ईश्वर पोखरेलको सम्धी हुन् । उनलाई अध्यक्ष बनाउने चर्चा भएपछि सर्वत्र विरोध भएको थियो ।

# सिटिजन्स बैंकका ग्राहकलाई होटल अकामामा छुट

सिटिजन्स बैंक इन्टरनेसनल र होटल अकामाबीच ग्राहकलाई छुट दिनेबारे सम्झौता भएको छ । सम्झौताअनुसार सिटिजन्स बैंकका कार्डवाहक ग्राहकले अकामा होटलको सेवा शुल्कमा विशेष छुट पाउने छन् । बैंकको डेबिट/क्रेडिट/प्रिभिलेज कार्डवाहक तथा कर्मचारी र सञ्चालक समितिका सदस्यहरूले होटल अकामाका विभिन्न सेवाहरूमा विशेष छुट पाउनेछन् । यो सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुने विश्वास बैंकले लिएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका देशभर १०९ वटा शाखा, ९८ वटा एटिएम र १०६ वटा शाखा रहित बैंकिङ इकाइहरूबाट ग्राहकलाई सेवा दिंदै आएको छ ।

# माघ १ गतेदेखि अन्तर बैंक एटिएम प्रयोगमा शुल्क लाग्ने

आगामी माघ १ गतेदेखि एक बैंकको कार्ड अर्को बैंकको एटिएममा प्रयोग गर्दा सेवा शुल्क लाग्ने भएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार भुक्तानी सम्बन्धी निर्देशन जारी गर्दै अन्तर बैंक एटिएम कारोबारमा शुल्क लिन पाउने व्यवस्था गरेको हो । यद्यपि महिनामा दुई पटक मात्रै प्रयोग गर्दा भने निःशुल्क गर्नुपर्ने व्यवस्था मिलाउन केन्द्रीय बैंकले निर्देशन दिएको छ । दुई पटकभन्दा बढी कारोबारमा प्रति कारोबार २० रूपैयाँभन्दा बढी शुल्क लिन नपाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ । कोरोनाको असरका कारण गत चैतको दोस्रो साताबाट अन्तर एटिएम कारोबार बैंकहरूले नै निःशुल्क गरेका थिए । पछि राष्ट्र बैंकले निर्देशन नै जारी गरी अर्को व्यवस्था नभएसम्मका लागि अन्तर बैंक एटिएम कारोबारमा शुल्क लिन नपाउने व्यवस्था गरेको थियो । केन्द्रीय बैंकले निर्देशन जारी गर्दै शुल्कको अधिकतम सीमा प्रतिकारोबार २० रूपैयाँ समेत राष्ट्र बैंकले तोकिदिएको हो । यसअघि अधिकतम शुल्क तोकिएको थिएन । त्यस्तै मोबाइल बैंकिङ, एसएमएस बैंकिङ जस्ता विद्युतीय बैंकिङ सेवा वापतको शुल्कबारे ग्राहकलाई जानकारी गराएर मात्रै लिनुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

# ग्लोबल आईएमई बैंक र हेफर इन्टरनेसनलबीच सम्झौता

ग्लोबल आइएमई बैंक र हेफर इन्टरनेसनल नेपालबीच कृषि अनुदान कर्जामा साना किसानको पहुच बढाउने उद्देश्य पूरा गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र हेफर इन्टरनेसनल नेपालका राष्ट्रिय निर्देशक डा. शुभनारायण महतोले हस्ताक्षर गरे । समझदारीअनुसार ग्लोबल आईएमई बैंकले गुल्मी जिल्लाका विभिन्न ठाउँहरूमा बाख्रा पालन, डेरी, तरकारी खेती, कुखुरा, बंगुर, र माछा पालन तथा फलफूलको उत्पादन गर्ने कृषकलाई

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

स्थानीय सहकारीको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने छ । हेफर इन्टरनेसनलले सहकारीको सिफारिसमा साना किसानलाई आवश्यक तालिमको व्यवस्था गर्नेछ । यो समझदारीले गुल्मी जिल्लाका महिला, सीमान्तकृत तथा पुँजी अभावका कारण पछाडि परेका स्थानीय कृषि उद्यमीहरूको जिवनस्तर उकास्न उल्लेख्य योगदान पुऱ्याउने बताइएको छ । यससँगै बैंकले बैंकिङ साक्षरता तथा सूचना प्रविधिको प्रयोग गर्न स्थानीय कृषकलाई प्रोत्साहन गर्ने सहमति भएको छ । मुलुकभर तथा मुलुक बाहिर शाखा सञ्जाल रहेको ग्लोबल आईएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले ७ वटै प्रदेश तथा ७३ जिल्लामा बैंकको २६४ शाखासहित ८०० सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले १७ भन्दा धेरै मुलुकबाट रेमिट्यान्स भिऱ्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# दुई कर्मचारीमा कोरोना देखिएपछि हुम्लाको सिटिजन बैंक सिल

हुम्ला । हुम्लाको सदरमुकाम सिमकोटमा रहेको सिटिजन बैंक शाखा कार्यालय सिल गरिएको छ । बैंकमा कार्यरत पाँच कर्मचारीलाई एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा २ कर्मचारीमा कोरोना संक्रमण देखिएपछि आइतबारदेखि सिल गरिएको हो । शनिबार दुईजना कर्मचारीमा कोरोना संक्रमण देखिएपछि आइतबारदेखि सिटिजन बैंक शाखा कार्यालय सिमकोट सिल गर्नुका साथै कारोबार ठप्प भएको बैंकले जानकारी दिएको छ । एक महिला र एक पुरूष कर्मचारीमा कोरोना संक्रमण देखिएपछि दुई दिनका

Citizens Bank

लागि बैंक सिल गरिएको हो । पुरूष कर्मचारीमा देखिएको कोरोना संक्रमणको उपचार यहाँ हुन नसकेपछि उहाँलाई जिल्लाबाहिर पठाउने तयारी भइरहेको सिटिजन बैंकका कर्मचारी लालु भण्डारीले जानकारी दिए । संक्रमित कर्मचारीको अवस्था जटिल देखिएपछि हेलिकप्टरमार्फत जिल्लाबाहिर पठाउने तयारी भइरहेको जिल्ला अस्पतालका सूचना अधिकारी भक्ति फडेराले जानकारी दिए । जिल्लामा संक्रमित कर्मचारीको उपचार सम्भव नभएपछि उद्धारका लागि हेलिकप्टर मागको लागि पहल भइरहेको फडेराले बताए । जिल्ला अस्पताल हुम्लाले जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारी तथा भीडभाड बढी हुने कार्यालयमा कार्यरत कर्मचारीको कोरोना परीक्षण गर्दै आएको जिल्ला अस्पतालले जनाएको छ ।

# हिमालयन बैंकको नयाँ शाखा दोलखाको चरिकोटमा

काठमाडौं । हिमालयन बैंकले दोलखाको चरिकोटमा नयाँ शाखा खोलेको छ । बैंकका अनुसार पुस १९ गतेदेखि शाखा सञ्चालनमा आएको हो । उक्त शाखाबाट ग्राहक महानुभावहरूलाई अत्याधुनिक बैकिग सुविधाहरू

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited – Pakistan)

उपलब्ध गराउने जनाएको छ । यस शाखासँगै साथै हालबैंकको कुल शाखाको संख्या ७० र बिस्तारित काउन्टर संख्या ४ पुगेको छ । भने बैंकका एटीएमको संख्या १४६ र पीओएस टर्मिनल्सको संख्या ४२ सयभन्दा बढी पुगेको छ ।

# आर्थिक

## नेपाल बंगलादेश बैंकको साधारणसभा सम्पन्न

काठमाडौं । नेपाल बङ्गलादेश बैंक लिमिटेडको २६ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारणसभाले बैंकले प्रस्ताव गरेको लाभांशको प्रस्ताव पारित गरेको छ । बैंकको सञ्चालक समितिका अध्यक्ष श्री ए.आर.एम नजमुस शकिबले जुम मार्फत मार्फत् नै अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा सञ्चालकहरु इन्द्र बहादुर थापा, मुकुन्द नाथ ढुंगेल,




मोहमद साह आलम सरवर, दीपक कार्की, कमरून नहर अहमदका साथै प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगाना लगायत बैंकका उच्च पदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो । बैंकका कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले दिएको जानकारी अनुसार उक्त साधारण सभामा बैंकको चुक्ता पुँजीको झण्डै ५५५ भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी २५ जना मात्र शेयरधनीको भौतिक उपस्थिति रहेको थियो भने ९० जनाभन्दा बढी शेयरधनीहरु भर्चुअल रूपमा उपस्थित भएका थिए । उक्त साधारणसभाले आ.ब. २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, बैंकको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वार्षिक वित्तीय विवरणहरू पारित गरेको छ । आ.ब. २०७६/०७७ को मूनाफा रकमबाट २०७७ आषाढ मसान्तमा कायम रहेको चूक्ता पूँजीको २.४२ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत गरी) का दरले नगद लाभांश वितरण गर्न स्वीकृति दिनुका साथै ६ प्रतिशतका दरले बोनस शेयर जारी गर्ने निर्णय समेत सर्वसम्मतिबाट पारित गरेको थियो । साथै बैंकको साधारण सभाले प्रबन्धपत्रमा संशोधन गरी अधिकृत पुँजी १५ अरब पुऱ्याउने र जारी तथा चुक्ता पुँजीमा बोनस शेयर जारी भए अनुरूप समसामयिक संशोधन गर्ने प्रस्ताव समेत सर्वसम्मतिबाट पारित भएको छ ।

## प्रभु बैंकको अध्यक्षबाट देवीप्रकाश भट्टचन बाहिरिए

काठमाडौं । प्रभु बैंकको अध्यक्षबाट देवीप्रकाश भट्टचन बाहिरिएका छन् । आइतबार बैंकको साधारणसभामा संचालक समितिको निर्वाचन गर्ने कार्यतालिका थियो । जसमा भट्टचनले उम्मेद्वारी नै दिएनन् । अध्यक्ष भट्टचनले प्रभु फाइनान्सलाई विकास बैंक बनाउँदै वाणिज्य बैंक बनाए । प्रभु विकास बैंकले किष्ट बैंकलाई मर्ज गरेर प्रभु बैंक बनायो ।

र, प्रभु बैंकले फेरि अर्को वाणिज्य बैंक ग्राण्डलाई गाभेको थियो । बैंकको सञ्चालक समिति सदस्यमा ऋषिराम गौतम, अञ्जु अधिकारी, रमेशसिंह खड्का र शंकरप्रसाद कालिकोटे पुनः चयन भएका छन् । अन्य दुईमा प्रमोद घिमिरे र रामेश्वर सापकोटा चयन भएका छन्। सबै जना निर्विरोध निर्वाचित भएका हुन् । संचालक समितिको बैठकले अध्यक्षको चयन गर्ने छ ।

प्रभु समुह अन्तर्गत प्रभु बैंक,प्रभु लाइफ इन्स्योरेन्स,प्रभु इन्स्योरेन्स,प्रभु क्यापिटल,प्रभु पे,प्रभु हेलिकप्टर,प्रभुमनी ट्रान्सफर,प्रभु टेलिभिजन संचालनमा छन् ।

## सनराइज बैंकको साधारणसभा सम्पन्न

काठमाडौं । सनराइज बैंक लिमिटेडको १३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । पुस २४ गते बैंकका सञ्चालक समितिका अध्यक्ष मोतीलाल दुगडज्यूको सभापतित्वमा सम्पन्न साधारणसभाले बैंकको चुक्ता पूँजीको ५.८० प्रतिशत बोनस र २.४८ प्रतिशत रकम कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव पारित गरेको छ ।

हाल बैंकको चुक्ता पूँजी रू. ८ अर्ब ९६ करोड रहेकोमा यस साधारणसभाबाट पारित बोनस शेयर बितरण पश्चात बैंकको चुक्ता पूँजीमा बृद्धि भई ९ अर्ब ४८ करोड ७९ लाख ४४ हजार ४९९ रूपैयाँ पुगेको छ ।

बैकले हाल १३९ वटा शाखा, ५८ वटा शाखारहित बैंकिङ सेवा, ११ वटा एक्सटेन्सन काउण्टर, १६१ वटा एटीएममार्फत् आफना ७ लाखभन्दा बढी ग्राहकहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

# पृथ्वीनारायण शाहको जीवनगाथा

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (वि.सं. १७७९( १८३१) शाहबंशीय राजा थिए । स-साना राज्यहरूमा बाँडिएका बाईसे तथा चौबिसे राज्यहरूलाई एकत्रित गरी एउटै देशको सृजना गर्ने यिनी आधुनिक नेपालको राष्ट्रनिर्माताको रूपमा चिनिन्छन् । यिनको सम्फनामा पुष २७ गते नेपालमा राष्टि्रय एकता दिवस मनाउने गरिन्छ । नेपालमा २००७ सम्म त राणा शासन थियो । जब प्रजातन्त्र आयो । त्यसपछि योगी नरहरीनाथले नेपालमा राष्ट्रपिता पृथ्वीनारायण शाहको जन्मोत्सव मनाउनु पर्छ भनेर प्रकृया शुरु गरेका थिए । त्यो भन्दा पहिले पनि मनाइन्थ्यो होला तर राणा परिवारमा कसरी मनाइन्थ्यो त्यो कुरो थाहा भएन । जनताको सहभागिता थिएन ।

२००९ सालदेखि योगी नरहरीनाथले सरकारसंग समन्वय गरेर एउटा समारोह समिति गठन गरी आफै त्यो समितिमा बसेर राष्टि्रय एकता दिवस तथा पृथ्वी जयन्तीको रूपमा मनाउन प्रारम्भ गरिएको हो । योगीजीले त्यो प्रयास नगरेको भए पनि पृथ्वी जयन्ती त हुन्थ्यो होला तर कुन रूपमा हुन्थ्यो ? त्यो यसै भन्न सकिदैन । तर, संस्थापक रूपमा यसको प्रारम्भ योगी नरहरीनाथकै अग्रसरतामा भयो । योगी जतिञ्जेल बाँचे, राष्ट्रहितको कार्य गरेर बाँचे । प्रत्येक वर्ष पृथ्वी जयन्तीको दिनमा एउटा न एउटा कार्यत्रम गरेर सबै नेपालीले मनाउदै आएका छन् । पृथ्वीनारायण शाहले ससाना क्षेत्र जस्तै (भिरकोट, कास्की, लम्जुङ्ग गोरखा) मा राज्य गरिरहेको शाहवंशलाई पुरै नेपालको राजवंशमा रूपान्तरण गरिदिए र आधुनिक नेपालको जग बसालेका थिए । पृथ्वीनारायण शाहले सुरु गरेको एकिकरण अभियान बढ्दै गएर नेपाल राज्यको सिमाना पूर्वमा टिष्टा नदी, दक्षिणमा मगध र पश्चिममा सतलज नदी सम्म विस्तार भयो । पछि नेपाल अंग्रेज युद्ध पछि सुगौली सन्धिसम्म यो भू-भाग नेपाल अधिनस्थ थियो । नेपालको इतिहासका शीर्षस्थ एवम् श्रदेय पुरूष पृथ्वीनारायण शाहले वि.सं. १८३१ माघे संक्रान्तिका दिन ५२ वर्षको उमेरमा नुवाकोट जिल्लाको देवीघाटमा देहत्याग गरे पनि नेपाल एकीकरण अभियान बुहारी रानी राजेन्द्र लक्ष्मी, छोरा बहादुर शाह लगायतले अगाडि बढाइ रहे।नेपाल एकीकरण अभियानको पूर्णविराम चाँही यिनका पनाती राजा गिर्वाण युद्ध वित्रम शाहका पालामा भएको नेपाल(अङ्ग्रेज एङ्गलो(नेपाल युद्ध ( १८१४(१६) पछि भयो । वि.सं. १८७३ सालमा सुगौलीको सन्धि नहुञ्जेल सम्म पुरा ७२ वर्षसम्म एकीकरण अभियान चल्यो ।

प्रारम्भिक जीवन

नेपाल राष्टूनिर्माता पृथ्वी नारायण शाह

पृथ्वी नारायण शाह (राष्टूनिर्माता श्री ५ बडामहाराजधिराज पृथ्वी नारायण शाहदेव) नेपाल भित्रको सानो पहाडी राज्य गोरखाका राजा नरभुपाल शाह तथा रानी कौसल्यावतीका छोरा थिए । वि.सं. १७७९ पौष २७ गते बिहिबार यिनको जन्म भएको थियो ।

उनी बाल्यकालदेखि नै अत्यन्तै शूरवीर, तेजवीर, बुद्धिमान् तथा मेहनती थिए । सुरूदेखि नै उनलाई रामायण, महाभारत र पछि गएर शुक्रनीतिको ज्ञान दिइएको थियो । धनुवाण, तरबार, घोडसवारी दौड आदिमा पनि उनी निपूर्ण थिए ।

यिनको पहिलो विवाह मकवानपुरकी राजकुमारी इन□कुमारीसंग भएको थियो । गोरखा र मकवानपुर विच ओहोर दोहोर गर्नु पर्दा उपत्यकाको भूबनोट र त्यहाँको आर्थिक अवस्थालाई उनले राम्रोसँग नियाले । त्यस बखत गोरखाका १२०० घरधुरीका जनतालाई ६ महिना खान पुग्ने अन्नपात वा आर्थिक हैसियत थिएन । त्यसैकारणले उनले अन्नपातले सम्पन्न र उन्नतिशील काठमाडौँ उपत्यकालाई विजय गर्ने मनसाय बनाईसकेका थिए । वि.स १७९८ मा काठमाडौँ आएका पृथ्वीनारायण शाहले गोरखा दरबारको तर्फबाट ल्याएका पगरी भक्तपुरका राजा रणजित मल्ललाई दिए भने त्यसको कदरस्वरूप रणजित मल्लले राजकुमार वीरनरसिंह मल्लसंग उनको मितेरी लगाई दरबारमा स–सम्मान लामो अवधिसम्म राखेका थिए । गोरखा फर्किदा चाँगुनारायण, पशुपति र गुहेश्वरी पशुपतिनाथको दर्शन गर्न गएको कुरा थाहा पाई काठमाडौँका राजा जयप्रकाश मल्लले उनलाई दरबारमा ल्याई मितेरी लगाएका थिए ।

दाम्पत्य जीवन

उनको पहिलो विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग वि.सं. १७९४ मा भएको थियो । मकवानपुर त्यसबेलाको एक शक्तिशाली राज्य भएकाले त्यससँग नाता जोडेर राजनीतिक लाभ लिने उद्देश्यले यो विवाह भएको थियो। तर, पछि हेमकर्ण सेन ले असमर्थता जनाए। उनको दोस्रो विवाह काशीका अभिमानसिंह राजपुतकी छोरी नरेन्द्रलक्ष्मीसँग भएको थियो। नरेन्द्रलक्ष्मीबाट प्रतापसिंह शाह र बहादुर शाहको जन्म भएको थियो ।

कार्यकालको सुरूआती वर्ष

वि.सं. १७९९ मा राजा नरभूपाल शाहको मृत्यू भएपछि पृथ्वीनारायण २० वर्षको उमेरमा गोरखाका राजा भए। राजा हुनुअगावै उनले वि.स. १७९८ मा काठमाडौँ उपत्यकाको राजनीतिक रहनसहन राम्रोसँग अध्ययन गरिसकेका थिए । पृथ्वीनारायण शाहको काठमाडौँ उपत्यका र पूर्वी क्षेत्र विजय गर्ने इच्छा रहेकाले आफना प्रवल विरोधी शक्ति लमजुङका राजा रिपुमर्दन शाहसंग वि.स. १७९९ मा एक सन्धि गरे जस अनुसार दुवै राज्यवीच मैत्री सम्बन्ध कायम गर्ने कास्कीको अर्घामाथि कब्जा गर्न सफल भएमा त्यहाको काठ कास्कीलाई दिने आदि शर्तनामा उल्लेख थिए ।

पिता नरभूपालको एकीकरणको सपना साकार पार्न वि.सं. १८०० मा विराज थापा मगर र महेश्वर पन्तको नेतृत्वमा उनले नुवाकोट आक्रमण गराए तर नुवाकोटबाट गोर्खालीहरूले पराजयको सामना गर्नु पर्यो ।

नुवाकोटको युद्धमा पराजयको सामना गर्नुपरेकाले आवश्यक हातहतियारहरु संकलनार्थ पृथ्वीनारायण शाह वनारस पुगे। पिता नरभूपालले पुण्य प्राप्त गरून् भनी काशीको यात्रा गरी आफ्नो भारद्वाज गोत्रबाट काश्यप गोत्रमा गोत्र परिवर्तन गरे। सोहि बेलामा तिर्थ गर्न भनी गएका जाजरकोटका राजा हरी शाहसंग उनले राज्यविस्तार गर्दा गोरखा र जाजरकोटले एक अर्कालाई वाधा र कुभलो नचिताउने कुराहरु बारे सन्धि गरे ।

दोस्रो पटक पृथ्वीनारायण शाहले वि.सं. १८०१ मा कालु पाण्डेको सेनापतित्वमा नुवाकोटमाथी हमला गरे। यस पटक गोर्खाका १२–२० वर्षसम्मका सबै युवाहरूलाई सशस्त्र तयारी गरीएको थियो भने सैनिकहरूको संख्या १ हजार भन्दा माथि थियो । यीमध्ये केहि सैनिक खेतालाहरूको रूपमा नुवाकोट पुराइएको थियो । तत्पश्चात कालु पाडेले नुवाकोट रक्षा तैनाथ रहेका जयन्त राणालाई गोर्खामा मिल्नुबाहेक उनको लागि अन्य भलाइ नभएको पत्र पठाए । तर जयन्त राणाले काठमाण्डौ पुगी गोर्खालीहरूबाट सम्भावित आक्रमणको जानकारी दिंदै थप सैनिक र हातहतियार माग गरे । तर उपत्यकामा इन्द्रजात्राको चहलपहल रहेकाले जयप्रकाश मल्लले जयन्त राणाको मागको उपेक्षा गरे । जयन्त राणाको छोरा शंखमणी राणाले नुवाकोटको सुरक्षामा तैनाथ रहेकको समयमा गोरखाबाट पृथ्वीनारायण शाह, दलदर्मन शाह, चौतारा विष्णु शाह, काजी शुरप्रताप शाह आदिले नुवाकोटलाई घेरा हाली एकैपटक आक्रमण गरे। दलदर्मन शाहको हातबाट शखमणी राणाको मृत्यु भयो र पृथ्वीनारायण शाहले नुवाकोटमाथि विजय प्राप्त गरे । नुवाकोटमा गोरखालीहरूको कब्जा भएकाले नुवाकोटका सिपाहीहरु भागि वेलकोटमा अया जमाई बसेकाले कालु पाडेको तत्काल हमला नगर्ने सल्लाहलाई उपेक्षा गरी पृथ्वीनारायण शाहले वेलकोटमा हमला गरे । जयन्त राणा यहाँ पक्राउ परे ।

नेपाल एकिकरणको प्रयत्न

पृथ्वीनारायण शाहले नेपाल एकीकरणको महायात्रा सुरु गरी र कैयौं स्थानलाई नेपाल राष्ट्रमा गाभेर ४ वर्ण र ३६ जातको फूलबारीको सृष्टि गरे । पृथ्वीनारायणको उद्देश्यलाई युगको मागका रूपमा इतिहासकारहरूले हेरेका छन् । तत्कालीन बाइसे र चौबीसे राज्यहरु, उपत्यकाका विभाजित मल्ल राज्यहरु, पूर्वका किरँात र लिम्बुआन क्षेत्रहरु सबैतिर एउटा सशक्त राष्ट्रवादी शक्तिको आवश्यकता बढ्दै गएको थियो, जसको स्थान पृथ्वीनारायण शाहले पाएका थिए ।

तनहुँमाथिको आक्रमण

नुवाकोट र वेलकोटको विजयपछि गोरखालीहरूले लामीडाँडामा कब्जा गरे । तर तनहुँद्वारा लामीडाँडा कब्जा गर्ने इच्छा रहेकाले तनहुँ र गोरखालीहरूबीच भिडन्तको सम्भावना बढ्यो। तर पृथ्वीनारायण शाहले गुरू गौरेश्वर पन्तलाई पठाई तनहुँको राजासंग सन्धि गर्ने भन्ने खवर पठाएकाले तनहुँका राजा त्रिविक्रम सेनविच केहि समय वार्तालाप भएपछि निर्धारित समयानुसार तिरमा लुकी बसेमा गोर्खाली सैनिकहरूले त्रिविक्रम सेनलाई वन्दी बनाई छोटो समयका लागि तनहुँमाथि कब्जा गरे । यस प्रकारको कामबाट लमजुङ, कास्की, पर्वत आदि क्रुद्ध हुने सम्भावना भएकाले वि.स. १८१० मा त्रिविक्रम सेनलाई मुक्त गरे । वि.स. १८१२ मा गोर्खाली सैनिकले लमजुङ र तनहुँका संयुक्त फौजसंग युद्ध गर्न परेको थियो। यस युद्धमा गोर्खाले ठुलो जनधनको क्षति वेहोर्न पर्यो । तर पनि नालदुम, दहचोक, महादेव पोखरी, सिरानचोकको साथै कुलेखानि, इपा, माल्टा आदिमा कब्जा भएकाले गोरखाको सिमाना मकवानपुर सम्म पुग्यो ।

किर्तिपुरमाथि पहिलो आक्रमण

वि.स. १८१४ मा पृथ्वीनारायण शाहले किर्तिपुरमा आक्रमण गरे । यसमा गोरखाको तर्फ १२०० सैनिक थिए। तर किर्तिपुरले काठमाण्डौ, ललितपुर र भक्तपुरका सैनिक समेत सहयोग मागेकाले किर्तिपुरतर्फ ३०० जति सैनिक थिए । यी दुईपक्षवीच बल्खु खोलामा ६ घन्टासम्म लडाई हुँदा धेरै गोरखालीहरूले वीरगति प्राप्त गरे । किर्तिपुरको कब्जामा परेका पृथ्वीनारायण शाह राजवध गर्न नहुने नैतिक नियमको कारणले मात्र यहाँ बाचेका थिए। किर्तिपुर्को पहिलो युद्धमा विरगती प्राप्त गरेका काजी कालु पाण्डेका ठाउमा उनको छोरा वंशराज पाण्डेलाई र सेनापति पदमा शिवराम सिंह बस्न्यातका छोरा केहरसिंह बस्न्यातलाई नियुक्त गरी सैनिक पुनर्गठन गर्ने अभिभारा सुम्पिए। वि.स. १८१६ मा शिवपुरी र काभ्रेमाथि विजय प्राप्त गरे ।

मकवानपुर विजय

वि.स. १८१९ को भाद्र महिनामा बंशराजपाडे र केहरसिंहले सङ्गठन गरेको सैनिक साथै महोद्दामकिर्ति शाह, दलमर्दन शाह, शुरप्रताप शाह, नन्दु शाह, दलजित शाहहरूका साथ पठाएको ठुलो संख्यामा मकवानपुरमा आक्रमण गरे। यहा १० घन्टासम्म लडाई चलेको थियो र अन्ततः दिग्वन्धन सेनले आत्मासम्पर्ण गरे ।

गोरखा माथि आक्रमण

वि.स. १८२० मा दिग्वन्धन सेनलाई मद्धत गर्ने निहुमा तनहुँका राजा त्रिविक्रम सेन, पाल्पाको राजा मुकुन्द सेन तृतीय, कास्कीका राजा सिद्धिनारायण शाहको संयुक्त सैनिकले गोरखाको अधिनमा रहेको हर्मी, भिरकोट, धापकोट, चवांगली, धौराली, लकान्कोटमाथि आक्रमण गरी लुटपाट गरे ।

किर्तिपुरमाथि दोश्रो आक्रमण

वि.स १८२१ को भाद्र महिनामा शुरप्रताप शाह, दलजित शाह र श्री हर्ष पन्तको नेतृत्वमा किर्तिपुर माथि दोश्री आक्रमण भयो । यस युद्धमा पनि किर्तिपुरलाई पहिले जस्तै उपत्यकाबाट सैनिक सहयोग प्राप्त नभए पनि किर्तिपुरका जनताले गोर्खाली सैनिकलाई गोपुर किल्ला तोडी किर्तिपुरमा प्रवेश गर्ने मौका दिएनन । यस युद्धमा किर्तिपुरद्वारा निशाना लगाइएको तिरबाट शुरप्रतापको आँखा फुट्नुका साथै अन्य केहि फौज फर्कन वाध्य भए ।

किर्तिपुरमाथि तेस्रो आक्रमण

किर्तिपुरमाथि तेस्रो पटकको युद्धको नेतृत्व काजी वंशराज पाडेले लिएका थिए। उनले चारैतिरबाट गोपुर किल्लालाई घेरी खेतालाका रूपमा केहि सैनिक किर्तिपुर पठाए । त्यसबखत किर्तिपुरमा धान भित्राउने समय परेकाले वंशराज कीर्तिपुरेहरूलाई आत्मसम्पर्ण गर्न भने। यो युद्धमा किर्तिपुरलाई छिमेकी राज्यहरूबाट सैनिक सहयोग भएको थिएन। वि.स. १८२२ चैत्र ३ गते धनवन्त काजीले गोपुर किल्लामा आत्मसम्पर्ण गरे ।

सल्यानसंगको सम्बन्ध

वि.स १८२३ मा सल्यानी राजा श्रीकृष्ण शाहका छोरा रणभिम शाहसंग आफना छोरी विलासकुमारीको विवाह गराई मैत्री सम्बन्ध कायम गरे । छिल्ली, दाङ, देउखरीलाई दाइजोको रूपमा दिए ।

काठमाडौँ उपत्यका माथिको आक्रमण

किर्तिपुर गोर्खाको कब्जामा पर्न गएका निकट भविष्यमै उपत्यकामा आक्रमण सम्भावना भएकाले जयप्रकाश मल्लले ललितपुर र भक्तपुरका राजाहरूसंग वैठक गरी गोर्खा सैनिकको विरूद्ध सशक्त सैनिक अभियान गर्नुपर्ने विचार व्यक्त गरेका थिए । तर ललितपुर र भक्तपुरका राजाले अनुकुल प्रतिक्रिया नजनाएकाको र गोर्खालीको पहिलो आक्रमण कान्तिपुरमै हुनेछ भन्ने ठानी जयप्रकाश मल्लले अंग्रेजहरूसंग सैनिक तथा हातहतियारको सहयोग मागे। राजा जयप्रकाश मल्ललाई सहयोग गर्न वि.स. १८२३ मा किनलकको नेतृत्वमा २४०० सैनिक पूर्वी नेपालको सिन्धुलीगढी हुदै काठमाण्डौतिर बढ्यो । यो कुराको जानकारी पृथ्वीनारायण शाहलाई पहिले नै भएकाले सिन्धुलीगढीको रक्षार्थ बिरभद्र पाडेँ र वीरभद्र उपाध्याय र वंशु गुरूङको समुह ढुंगेवासमाथि आइपुग्दा वंशु गुरूङले प्रत्यासित रूपमा चढाई गरे भने अघि बढीसकेको फौजमाथि वंशराज र वीरभद्र उपाध्यायको फौजले पौवागढीमा आक्रमण गरेकाले सारा अंग्रेज फौज आफुसंग रहेको हातहतियार र बन्दुकहरु छाडी आफनो प्राण बचाउन जङ्गलतर्फ भागाभाग गरे ।

कान्तिपुरमाथि आक्रमण

पृथ्वीनारायण शाहले उपत्यकालाई चारैतर्फबाट घेरी नाकाबन्दी गरेकाले उपत्यकामा चरम आर्थिक संकट छाएको थियो । त्यसमा पनि काठमाडौँका राजा जयप्रकाश मल्ल कठोर विचार, घमण्डी र संकालु प्रवृतिका भएकाले रानी र भारदारहरु रिसाई उनलाई पदच्युत गरी उनका छोरा राज्यप्रकाश शाहलाई राजा बनाएका थिए । तर पछि उनले पुनः बाँकी ८ पृष्ठमा

# रामेछाप डायरी

## साँस्कृतिक कलाकार समाज रामेछाप नपा कार्यसमिति गठन

रामेछाप साँस्कृतिक कलाकार समाज रामेछाप नगरपालिका कार्य समिति गठन भएको छ । रामेछाप नगरपालिकाको सभाहलमा एक कार्यक्रमको विच नयाँ कार्य समिति गठन भएको हो । रामेछाप साँस्कृतिक कलाकार समाजका कार्य समिति सदस्य एवम नगर कार्य समिति गठन कार्यक्रमका संयोजक हरि बहादुर काफले मगरको अध्यक्षतामा भएको उक्त कार्यक्रमबाट नविन पुलामी मगरको अध्यक्षतामा १३ सदस्य नयाँ कार्य समिति चयन गरिएको छ । जसअनुसार कार्यसमितिको महिला उपाध्यक्षमा मिरा शाही ,खुल्ला उपाअध्यक्षमा विवेक मगर ,सचिवमा राजन महतारा, सह सचिवमा दिपक सुनुवार ,कोषाध्यक्षमा देव तामाङ र सदस्यहरुमा क्रमश गंगा मगर, समिर लामा,पम्फा मगर,मिना तामाङ,सर्मिला मगर,लक्ष्मी माया मगर र कमला मगर चयन भएका छन । यसैगरी सल्लाहकारमा फिन्जु पाखिन र सन्तोष कुमार तामाङ चयन भएका छन । सोहि कार्यक्रमका प्रमुख अतिथि एवम रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगरले नगरपालिकामा गठन भएको समिति प्रति सदैब साथ सहयोग रहने बताउनुभएको छ। रामेछाप नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामचन्द्र लामगादेले आफु पनि गित लेख्ने सर्जक भएकोले कलाकारहरुको हकअधिकारको लागी सधैँ आवाज उठाउने गरेको बताउनुभयो । उहाँले कलाकारहरु राष्टिको गहना भएको र ति गहनाहरुलाई श्रृङगार काम अब स्थानिय तहहरुले गर्नुपर्ने बताउनुभयो । वडा नम्बर ८ का वडाअध्यक्ष केदार कार्कीले नयाँ कार्यसमितिका पदाधिकारीहरुलाई शुभकामना दिदै सधै हातेमालो गरेर अगाडी बढ्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको छ ।

## बालबालिकाको हेरचाह घर परिवारबाट पहल गरिनुपर्छ : अध्यक्ष सुनुवार

गुणस्तरीय शिक्षा प्रबर्द्धनका लागि बाल शिक्षा तथा विकास सवलीकरण परियोजनाद्धारा रामेछापको गोकुलगंगा गाउँपालिकामा २ दिने कार्यशाला सम्पन्न भएको छ । चाईल्ड एड नेटवर्क जर्मनीको आर्थिक सहयोग,सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको प्राविधिक सहयोग र गोकुलगंगा गाउँपालिकाको आयोजनामा कार्यशाला सम्पन्न भएको हो । गर्भावस्था देखी ८ वर्ष सम्मको बालबालिकाको लागि स्वास्थ्य तथा पोषण क्षेत्र,विकासात्मक तथा शैक्षणिक क्षेत्र (शिक्षा क्षेत्र),खानेपानी तथा सरसफाई क्षेत्र,आयआर्जन कृषि क्षेत्र,अपांगता सम्बन्धी कार्यक्रम,प्रारम्भिक बाल्यावस्थामा विपद व्यवस्थापन (कोभिड १९) सम्बन्धित जनचेतना मुलक कार्यक्रमहरुका लागि कुल ८८ लाख सम्मको बजेट विभिन्न क्रियाकलापमा छुट्याई वृहत रुपमा छलफल गरियो । उल्लेखीत बजेटको ६० लाख सम्म बजेट पालिकाबाट एकीकृत प्रारम्भिक बाल विकासका लागि पास गराउने प्रतिबद्धता गोकुलगंगा गाउँपालिका अध्यक्ष खड्क सुनुवारले व्यक्त गर्नुभयो । तर्जुमा भएका बजेट तथा कार्यक्रम आउँदो आर्थिक वर्ष २०७८।७९ देखी लागु हुनेछ । गाउँपालिकाको अध्यक्ष खड्क सुनुवारको अध्यक्षतामा भएको कार्यशालामा बाल विकासका लागि योजना अनुमोदन र योजना पास गर्न गाउँपालिकाको अध्यक्षतामा १३ सदस्य कार्यदल गठन भएको छ । कार्यदलमा क्रमश : संरक्षकमा गाउँपालिका अध्यक्ष खड्क सुनुवार,संयोजकमा उपाध्यक्ष राधिका श्रेष्ठ नेवार,सदस्य सचिव प्रमुख प्रशासकिय अधिकृत ओम प्रकाश सुवेदी र सदस्यहरुमा क्रमश: गाउँपालिकाका योजना शाखा प्रमुख विश्वास ज्ञवाली,महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख मिरा नेपाली,कृषि शाखा प्रमुख रेश्मा थापा मगर,खानेपानी तथा सरसफाई शाखा प्रमुख कृष्ण श्रेष्ठ,पशुपक्षिं तथा मत्स्य विकास शाखा प्रमुख लोक प्रसाद फुयाँल,सामाजिक विकास समितिका ५ नम्बर वडाका वडाध्यक्ष बलराम खड्का,वडा नम्बर ३ का वडाध्यक्ष नर विक्रम काकी र कार्यपालिका सदस्य लोक कुमारी गुवाजुको सदस्यतामा कार्यदल गठन गरिएको छ । उक्त गठित कार्यदलले विषयगत समितिमा छलफल गरी प्राथामिकतामा पार्न पहल गर्ने,विषयगत समितिले सो योजना बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउनका लागि पहल गर्ने,पारित भएका योजना र बजेटलाई नियम अनुसार सम्बन्धित कार्यालय,ईकाइबाट गरीने प्रतिवेदन सम्बन्धित तहमा पेश गर्ने काम गर्नेछ । कार्यक्रमको समापनमा बोल्दै गाउँपालिका प्रमुख खड्क बहादुर सुनुवारले हरेक बालबालिकाको विकासका लागि घर परिवार बाट नै महत्वपुर्ण भुमिका निर्वाह हुनु पर्ने बताउनु भयो । यदि दिगो विकास लक्ष्य प्राप्त गर्ने हो भने प्रारम्भिक बाल विकासका कार्यक्रहरुमा लगानी गर्नुपर्नेमा समेत अध्यक्ष सुनुवारले जोड दिनु भयो । हामीले प्रतिवद्धता गरौं कि गर्भावस्थादेखी आठ वर्षका सबै बालबालिकाको सर्वोत्तम हित तथा सर्वाङ्गीण विकासको अधिकारलाई सुनिश्चित गर्न स्थानीय सरकार,राजनैतिक दल जनप्रतिनिधि,सेवा प्रदायक संस्था,विद्यालय,अभिभावक,शिक्षा प्रेमी सञ्चार क्षेत्र तथा नागरिक समाजबाट लगानीका लागि आपसी समन्वयमा सक्रिय भुमिका निर्वाह गर्नेछौं । भनि प्रतिबद्दता समेत व्यक्त गर्नुभयो । कार्यक्रममा गोकुलगंगा गाउँपालिका प्रमुख,उपप्रमुख,प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु,कार्यापालिका सदस्य,पालिकाका शाखा प्रमुख तथा प्रतिनिधिहरु , पालिका स्तरका कर्मचारीहरु,सदस्यहरु,प्रधानाध्यापक,वडा सचिवहरु, सञ्चारकर्मी,बाल सन्जालका अध्यक्षको सहभागिता रहेको थियो ।

## वातावरण संरक्षणमा योगदान पुर्याउने ३ जना सम्मानीत

वातावरण संरक्षणमा योगदान पुर्याएको भन्दै वातावरण संरक्षण परियोजना रामेछापले रामेछाप नगरपालिकाका ३ जनालाई सम्मान गरेको छ । वातावरण संरक्षणमा योगदान पुराएको भन्दै परियोजनाले संस्थागत तर्फ श्री गौरीशंकर माध्यमिक विद्यालयलाई सम्मान पत्र सहित नगद ७ हजार रुपैयाँ प्रदान गरेर सम्मान गरेको हो । विद्यालयले विद्यालय परिसरमा बोटविरुवा लगाएर हराभरा बनाएको छ भने फोहोरमैला व्यवस्थापनामा राम्रो काम गरेको छ । सोहि कामको मुल्याङकन गर्दै परियोजनाले विद्यालयलाई सम्मान गरेको हो । यसैगरी परियोजनाले ब्यक्तिगत तर्फ २ जनालाई सम्मान गरेको छ । ब्यक्तिगत तर्फ सम्मानीत हुनेहरुमा रामेछाप नगरपालिका वडा नम्बर ८ विटारका वशन्त घिमिरे छन । उहाँले केरा खेती गरी राम्रो उत्पादन गर्नुका साथै युवा कृषकहरुलाई कृषि पेशामा लाग्न प्रेरित गरेको भन्दै परियोजनाले सम्मान पत्र सहित नगद ५ हजार रुपैयाँ प्रदान गरेर सम्मान गरेको हो । यसैगरी अर्का सम्मानीत हुने व्यक्ति रामेछाप नगरपालिका वडा नम्बर ७ का बाल विक्रम मगर रहेका छन । उहाँले खेर गरिरहेका बोतल, सिसि ,गाडीको टायर लगायत चिजवस्तुहरुलाई संकलन गरी आकषर्क ढंगले सजाएर होटल कटेज एण्ड बार खोल्नुभएको छ । उहाँलाई वातावरण संरक्षणमा योगदान पुर्याए वापत सम्मान गरिएको हो । उहाँलाई सम्मान पत्र सहित नगद ५ हजार रुपैयाँ प्रदान गरेर सम्मान गरेको छ ।

# निर्वाचनमा जान काँग्रेस तयार

काठमाडौँ । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले अदालतले प्रतिनिधि सभा पुनर्स्थापना गरे प्रतिनिधि सभामा र नगरे निर्वाचनका लागि जनतामा जाने बताउनुभएको छ ।

नेपाली काँग्रेसका संस्थापक मध्येका पार्टीका पूर्वमहामन्त्री सूर्यप्रसाद उपाध्यायका बारेमा प्रजातान्त्रिक विचार समाजले प्रकाशन गरेको पुस्तकको आइतबार राजधानीमा लोकार्पण गर्नुहुँदै सभापति देउवाले जनता नै आफूहरूको सबैभन्दा ठूलो अदालत भएकाले निर्वाचनमा जानसमेत आफूहरू तयार रहेको स्पष्ट पार्नुभयो । उहाँले प्रतिनिधि सभाको मुद्दा अदालतमा विचाराधीन रहेकाले अदालतलाई प्रभावित पार्ने गतिविधि गर्न नहुनेमा जोड दिनुभयो । सभापति देउवाले २०३६ सालको जनमत सङ्ग्रहमा पनि पार्टीले भाग लिएको सन्दर्भ चर्चा गर्नुहुँदै भन्नुभयो, पञ्चायतमा गरिएको चुनावमा त भाग लिएको पार्टीले अहिले निर्वाचनमा भाग लिन्न भन्नै मिल्दैन, निर्वाचनमा सहभागी हुनैपर्छ । पार्टीका देशभरका साथीहरूले निर्वाचनमा रुचि देखाएको सभापति देउवाले स्पष्ट पार्नुभयो । काँग्रेसले स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि



भने लड्नुपर्ने अवस्था आएको बताउनुभयो । प्रतिनिधि सभा विघटनको कार्य असंवैधानिक रहेको उहाँले जिकिर गर्दै निर्वाचन स्वतन्त्र हुन्छ हुन्न भन्ने भय छ, निष्पक्ष निर्वाचन नेपाली काँग्रेसको अबको मूल कार्यसूची हो । बीपी कोइराला र सूर्यप्रसाद उपाध्याय दुवै भारतको स्वतन्त्रता आन्दोलनको कारावासमा समेत रहेको सन्दर्भ स्पष्ट गर्दै सभापति देउवाले पार्टीमा उपाध्यायले गरेको योगदानको स्मरणसमेत गर्नुभयो । पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले असंवैधानिक तवरले प्रतिनिधि सभा विघटन भएकाले पुनर्स्थापना हुनुपर्ने माग गर्नुभयो । मुलुकलाई सही दिशामा अगाडि बढाउन काँग्रेसले भूमिका खेल्नुपर्ने अवस्था आएको चर्चा गर्दै नेता पौडेलले निर्वाचनभन्दा संविधानको रक्षा पार्टीको प्राथमिकता हुनुपर्ने विचार व्यक्त गर्नुभयो । काँग्रेस महामन्त्री डा. शशाङ्क कोइरालाले बीपीको बन्दी जीवन रिहाइका लागि सूर्यबाबुले मुख्य भूमिका खेल्नुभएको बताउनुभयो । केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले नेपालको लोकतान्त्रिक आन्दोलनमा नेता उपाध्यायले खेलेको भूमिकालाई स्थापित गराउनुपर्ने विचार व्यक्त गर्नुभयो । प्रजातान्त्रिक विचार समाजका अध्यक्ष डा. केदारनरसिंह केसीले नेताहरू निर्वासनमा रहेको र पञ्चायत कालमा पार्टी कार्यकर्तालाई उहाँले नै सहयोग गर्नुभएको बताउनुभयो । प्रजातान्त्रिक विचार समाजका वरिष्ठ उपाध्यक्ष कुलचन्द्र वाग्ले, महासचिव गोकर्ण अर्यालले पञ्चायतको प्रतिबन्धित कालमा सूर्यबाबुले नै प्रजातन्त्रको दियो बाल्नुभएको बताउनुभयो । नेता उपाध्याय बीपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंहका समकक्षी मानिनुहुन्छ । २०१५ सालको आमनिर्वाचनमा पराजित भए पनि बीपी नेतृत्वको पहिलो जननिर्वाचित सरकारमा उहाँ गृहमन्त्री हुनुभएको थियो ।

नेपाल टेलिकम GSM सेवाको आकर्षक
DATA / VOICE प्याकेज खरिद गर्नको लागि
*1415#
डायल गर्नुहोस् ।
राष्ट्रको सञ्चार
नेपाल टेलिकम
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### कोरोनाका कारण लेबनानमा १० चिकित्सकको मृत्यु

कोरोना भाइरसबाट सङ्क्रमित भएर लेबनानमा १० चिकित्सकको मृत्यु भएको छ । कोरोनाबाट सङ्क्रमित भएकामध्ये अरु १५ चिकित्सक अति सघन कक्षमा उपचार गराइरहेका छन् भने झण्डै २०० जना क्वारेन्टिनमा रहेका छन् । लेबनानको चिकित्सासम्वन्धी एउटा सवैभन्दा ठूलो संस्थाका प्रमुख रहेका चाराफ अबोले भन्नुभयो, "महामारीले नराम्ररी सताउने छ, सवै आम नागरिक अत्यन्त संवेदनशिल र सचेत हुन आवश्यक छ, स्वास्थ्यकर्मीहरुले पनि काम गर्दा उच्च सतर्कता अपनाउनु पर्छ ।" लेबनानमा बिहीबार मात्रै चार हजार ७७४ जना नयाँ सङ्क्रमित थपिएका छन् । योसँगै अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या दुई लाख चार हजार ६९९ रहेको अधिकारीहरुले जनाएका छन् । त्यसैगरी पछिल्लो दिन थप १६ जनाको कोरोनाका कारण मृत्यु भएसँगै कुल मृतकको सङ्ख्या एक हजार ५६६ पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

### मलेसियामा बाढी : छ को मृत्यु, ५० हजार विस्थापित

मलेसियामा अत्यधिक बर्षापछि आएको बाढीमा परेर कम्तीमा छ जनाको मृत्यु भएको छ । देशको पूर्वीतटीय क्षेत्र पाहाङ राज्यमा आएको बाढीका कारण अरु ५० हजारभन्दा बढी विस्थापित भएको अधिकारीहरुले शुक्रबार जानकारी दिएका छन् । बर्षापछि तटीय क्षेत्रमा पानी भरिएर मानवीय क्षति भएको प्रत्यक्षदर्शीहरूको भनाइ छ । उनीहरुले आधा शतब्दीकै सवैभन्दा खराब बाढी आएको पनि बताएका छन् । घटनास्थलमा पिडितहरूलाई उद्धारका लागि ठूलो सङ्ख्यामा उद्धारकर्ताहरु परिचालन गरिएको अधिकारीहरुले जनाएका छन् । बाढी गएको क्षेत्रमा लगातार बाक्लो बर्षा भएको थियो । बर्षापछिको बाढीले बस्ती डुवानमा परेपछि ४७ हजारभन्दा बढी मानिस विस्थापित भएको सरकारी प्रारम्भिक तथ्याङ्क छ । "बाढीका कारण मैले मेरो सबै जायजेथा गुमाएको छु, बाढीले मेरो घरको छानो समेत डुवाएको छ," कारखानामा काम गर्ने ५९ बर्षिय मजदुर तान कोङ लेङले भन्नुभयो । घटनाका बारेमा बताइरहँदा उहाँले आखाँबाट आशु झारिरहनु भएको थियो ।

घटना भएको क्षेत्रमा हरेक बर्ष बढी बर्षा भएको बेला बाढीले दुःख दिने गरेको छ । बाढीका कारण मानवीय तथा भौतिक क्षति पनि हुने गरेको स्थानीयले बताएका छन् । बाढीका कारण मुख्य राजमार्गसहित धेरै सडक सञ्जालमा क्षति भएकाले यातायात सेवा पनि प्रभावित भएको छ ।

### अमेरिकी संसदमा घाइते एक प्रहरीको मृत्यु

अमेरिकी संसद भवनभित्र बुधबार प्रवेश गरेका ट्रम्प समर्थकको आक्रमणबाट घाइते भएका एक प्रहरीको मृत्यु भएको छ । बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उक्साहटपूर्ण भाषणपछि आक्रोशित समर्थकहरुले अमेरिकी संसदभित्र प्रवेश गरेर व्यापक तोडफोड गरेका थिए । प्रहरी कारबाहीमा प्रदर्शनकारीतर्फ एक महिला सहित चार जनाको मृत्यु भएको थियो । प्रहरीका अनुसार एक जना संसद भवनभित्र र अरु तीन जना संसद भवनको बाहिर मृत्यु भएको थियो । क्यापिटोल प्रहरीले एक वक्तव्य प्रकाशन गरी प्रहरी अधिकृत ब्रायन सिकनिकको बिहीबार राति ज्यान गएको जनाएको छ । भिड नियन्त्रणमा खटिएका बेला घाइते भएका ब्रायनलाई तत्कालै स्थानीय अस्पतालमा भर्ना गरिए पनि बचाउन नसकिएको भन्दै क्यापिटोल प्रहरीले दुःख व्यक्त गरेको छ ।

### अल उला घोषणापत्र अरब एकताको सन्देश

खाडी राष्टूले क्षेत्रीय 'एकता र स्थायित्व'सम्बन्धी तीन वर्षको कतार बिरूद्धको प्रतिबन्ध अन्त्यका लागि सम्झौतामा हस्ताक्षर गरेका छन् । कतार र कतारसँग निकट रही विभिन्न समूहले इरानको हितमा काम गरेको भन्दै सन् २०१७ को जुन महिनामा कतारमाथि लगाइएको प्रतिबन्धलाई मङ्गलबार भएको सम्झौताले अन्त्य गरेको छ । साउदी अरबको उत्तर(पश्चिमी क्षेत्रमा रहेको प्राकृतिक तथा ऐतिहासिक महत्वको क्षेत्रको तटीय अल(उला सहरमा खाडी मुलुकका नेताको उपस्थितिमा भएको शिखर सम्मेलनले साउदी अरब, संयुक्त अरब इमिरेट्स, बहराइन र इजिप्टले कतारसँगको कूटनीतिक, व्यापारिक र यात्रा प्रतिबन्धलगायत साझेदारीलाई अन्त्य गरेको हो । यसले कतारलाई आर्थिक भार परेको थियो भने सामाजिक बहिस्कारको नीतिले कतारलाई एक्लिएको मनोवैज्ञानिक प्रभाव परेको थियो । यद्यपि आर्थिकरूपमा सम्पन्न कतारले यसलाई प्रकट भने गरेको थिएन । नाकाबन्दी पश्चात पनि कतारका अमिर तमिम बिन अल थानीले आफ्ना नागरिकको पूर्णविश्वास जित्न सफल हुनुभएको थियो । सानो भए पनि निकै धनी अरब मुलुक कतारले जिहादी 'आतङ्कवादी' समूहलाई समर्थन गरेको आरोपको सधैं खण्डन गर्ने गरेको छ ।

थानीले खाडी मुलुकको सहकार्यका लागि गठित संगठन गल्फ कोअपरेसन काउन्सिल (जीसीसी) सम्मेलनमा सहभागिताका लागि साउदी राजा सलमान बिन अब्दुल्लाजिज अल साउदको निमन्त्रणालाई स्वीकार्दै साउदी भूमिमा पुग्दा राजा सलमानले गरेको हार्दिक स्वागतले नै खाडी मुलुकको तनावमा केही हल्कापन आउने छनक मिलेको थियो ।

साउदी अरबका राजकुमार मोहम्मद बिन सलमानले खाडी राष्टूले क्षेत्रीय 'एकता र स्थायित्व'सम्बन्धी तीन वर्षको कतार बिरूद्धको प्रतिबन्ध अन्त्यका लागि सम्झौता भएको मङ्गलबार बताउनुभएको हो । साउदी अरबले खाडी मुलुकको गठबन्धनलाई नेतृत्व दिँदै कतारले इरान र इरानको समर्थन प्राप्त अतिवादी इस्लामिक समूहसँग कतार अधिक निकट बनेको आरोप लगाउँदै सन् २०१७ को जुनमा उनीहरूले कतारसँग कुटनीतिक सम्बन्ध तथा पारबहन सम्बन्ध विच्छेद गर्ने निर्णय गरेका थिए । उक्त निर्णयले कतारलाई खाडीमा एक्लो बनाएको थियो यद्यपि गठबन्धनको आरोपलाई कतारले खण्डन गर्दै आएको थियो । यी प्रयासले हामीलाई अल उला घोषणापत्र जारीको सहमतिमा पुग्न मद्दत पुऱ्याएको छ । सम्मेलनमा हामी हाम्रो खाडी, अरब र इस्लामिक एकता र स्थिरताको पुष्टि गरेका छौँ, सलमानले भन्नुभयो । उहाँले मध्यस्थताका लागि संयुक्त राज्य अमेरिका र कुवेतलाई धन्यवाद दिनुभएको छ । उहाँले थप्नुभयो, आज हाम्रो क्षेत्रको प्रवर्धन र हाम्रो वरपर रहेका विशेष गरी इरानी शासनको आणविक र क्षेप्यास्त्र कार्यक्रमले ल्याएको खतरा र चुनौतिको सामना गर्न सहयोग पुगेको छ । तोडफोड र विनाश गर्ने योजनाको सामना गर्न एकजुट हुनु आवश्यक छ । अल उला घोषणापत्र नाम दिइएको दुई सहमति पत्रमा छ(सदस्यीय खाडी सहकार्य परिषद्का नेताले हस्ताक्षर गरेका छन् । छिमेकीबीचको लामो दुश्मनीको बाबजुद साउदीले दोहासम्म आफ्नो सिमाना खोल्ने घोषणा सोमबार राति नै गरेपछि कडा गतिरोध अन्त्य हुनेमा विश्व समुदाय आशावादी बनेको थियो ।

# संसद विघटन राजनीतिक विषय हो

काठमाडौं । सरकारले संसद विघटनको विषय राजनीतिक भएकाले यसमा अदालत प्रवेश गर्न नमिल्ने जिकिर गरेको छ। संसद विघटन सम्बन्धी रिटमा आइतबार महान्यायाधिवक्ता कार्यालय मार्फत लिखित जवाफ पेश गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको विघटन गरी निर्वाचनमा जाने विषय नितान्त राजनीतिक विषय हो भन्दै राजनीतिक प्रश्नमा अदालत प्रवेश नगर्ने अभ्यास रहेको बताएका छन् ।

प्रधानमन्त्री ओलीले भनेका छन् 'प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधि सभा विघटन हुने विषय संसदीय शासन व्यवस्थाको अन्तरनिहित मूल्य (ख्बगिभ) हो। राजनीतिक परिवेशको मूल्यांकनका आधारमा प्रधानमन्त्रीले लिने निर्णय राजनीतिक रुपमा नै आम जनताले मूल्यांकन गर्ने विषय हो। यो विषय न्याय निरुपणयोग्य मापदण्डभित्र नपर्ने हुँदा प्रस्तुत रिट खारेजभागी छ ।'

ओलीले यसअघि संसद विघटनविरुद्ध परेको रिटमा सर्वोच्चले यो राजनीतिक विषय हो भनी उल्लेख गरेको पनि आफ्नो लिखित जवाफमा बताएका छन् ।

प्रधानमन्त्रीको लिखित जवाफमा भनिइको छ, 'प्रतिधिसभा विघटन सम्बन्धी पहिलो रिट (०५१ सालको रिट नं २३०४) मा सम्मानित सर्वोच्च अदालतले भनेको छ : प्रधानमन्त्रीले राजनीतिक कारण देखाई प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुभएको देखिन आएकाले सो राजनैतिक कारणको औचित्य व पर्याप्तताको क्षेत्रभित्र अदालत प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मूल्यांकन गर्न मिल्ने देखिन्न ।'

संसद विघटनविरुद्ध २०५९ सालमा परेको रिटमा पनि सर्वोच्चले संसद विघटन गरी नयाँ निर्वाचनद्वारा जनादेश प्राप्त गर्न जाने र त्यसको औचित्य सार्वभौम जनताले जाँच्ने भनी फैसला गरेको पनि ओलीले उल्लेख गरेका छन् ।

अहिले वैकल्पिक सरकारको सम्भावनासम्म नभएको र सरकार सञ्चालनको वैधानिक अधिकारलाई गैर संवैधानिक तबरले निरन्तर अवरोध भई काम गर्न नदिएको अवस्था भएकाले संसद विघटन गर्ने बाध्यात्मक परिस्थिति आइपरेको ओलीले जिकिर गरेका छन् ।

ओलीले प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकार संसदीय प्रणालीको मूलभूत विशेषता भएको पनि बताएका छन् । 'यो विशेषताबेगर संविधानको धारा ७४ क्रियाशील हुन सक्दैन । त्यसैगरी धारा ८५ ले प्रतिनिधिसभा अगावै विघटन हुन सक्ने व्यवस्था गरेको छ' ओलीले भनेका छन् ।

धारा ७४ मा मुलुकको शासकीय स्वरुपसम्बन्धी व्यवस्था छ। जसमा भनिएको छ 'नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय प्रणाली हुनेछ ।' ओलीले आफ्नो लिखित जवाफमा यो धारा उल्लेख गरेर संसद विघटन संसदीय प्रणालीकै अंग भएको दावी गरेका छन् ।

ओलीले संवैधानिक सरकारलाई अवैधानिक बाटोबाट स्वार्थपरक रुपमा परिचालन गर्ने अलोकतान्त्रिक प्रपञ्चलाई असफल बनाउनु आफ्नो संवैधानिक कर्तव्य भएको जिकिर गरेका छन् । उनले लोकतन्त्रमा जनताको अभिमत प्राप्त गर्न जाने लोकतान्त्रिक पद्धतिको विरुद्धमा उभिने हक कसैसँग नहुने पनि बताएका छन् । 'कुनै पनि लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचनका लागि जनतासमक्ष जाने विषय सहज स्वाभाविक र जायज हुन्छ भन्न विषयमा कसैको पनि विमति हुन सक्दैन' उनले भनेका छन् ।

संसद विघटन बाध्यता हो

ओलीले आफूलाई काम गर्न अप्ठेरो परेकाले संसद विघटन गर्नुपर्ने बाध्यता आइलागेको जिकिर पनि गरेका छन् । अदालतमा बुझाएको लिखित जवाफमा उनले भनेका छन् :

म प्रधानमन्त्री निर्वाचित हुनासाथै पार्टीका केही नेताबाट सरकार, संसद, संसदीय दल र पार्टी सञ्चालनमा योजनावद्ध र षड्यन्त्रपूर्ण रुपमा असहयोग, अवरोध र हस्तक्षेप हुन थाल्यो । मन्त्रिमण्डल गठन, पुनर्गठन प्रधानमन्त्रीको विशेषाधिकार मानिने संसदीय प्रणालीको मान्यता विपरीत मन्त्रिमण्डलमा आ-आफ्ना स्वार्थका व्यक्तिहरु समावेश गराउन निरन्तर दबाब दिइयो ।

योग्यता र क्षमतामा आधारमा हुनुपर्ने नियुक्तिमा पार्टीले खटाएका आआफ्ना नातागोताका वा नजिकका मानिस नियुक्त गर्न केही नेताहरुबाट अवान्छित दबाब दिने कार्य भयो । नीतिगत मार्गदर्शन गर्नुपर्नेमा पार्टीका केही नेता सरकार सञ्चालनमा ससाना विषयको व्यवस्थापनमा उद्यत हुन खोज्नुभयो ।

संसदीय दल जसले पार्टी, संसद र सरकारको बीचमा समन्वयकारी भूमिका खेल्दै सरकारका प्रस्तावहरुलाई संसदबाट पारित गराउन नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा सो नभई सधैंभरी अवरोध र असहयोग मात्रै भयो । संसदीय दल र यसका जिम्मेवार केही पदाधिकारी पार्टी अनुशासनको नाममा सत्तापक्षीय दलको केही संसदीय पदाधिकारीबाट यथोचित भूमिका निर्वाह भएन ।

संसदका केही समितिहरुबाट संविधानको कार्यान्वयन, जनआकांक्षा अनुरुप विकासका कार्यहरु र सामाजिक रुपान्तरणका विषयमा सरकारले पेश गरेको विधेयक र प्रस्तावहरुलाई वर्षौंसम्म अनिर्णित अवस्थामा राखी सरकारका हरेक अग्रगामी एजेण्डाहरुलाई असफल बनाउन भूमिका खेल्ने काम भयो । संसदमा सरकारले पेश गरेका राष्ट्रिय प्रतिवद्धता व्यक्त भइसकेका र मुलुकको अन्तर्राष्ट्रिय सम्बन्ध र छविलाई प्रभावित गर्ने गम्भीर विषयहरुलाई वर्षौंसम्म छलफलको कार्यसूचीमा समावेश नै गरिएन । पार्टी संसद र सरकारको नेतृत्वमा रहेको नेताले पार्टी र संसद दुबैमा दलीय अनुशासन कायम गराउनु पनि मेरो प्रमुख कर्तव्य हो । पार्टीमा अनुशासन कायम गर्न संसद विघटन गर्नु एउटा स्थापित संसदीय अभ्यास हो ।

व्यक्तिगत राजनीतिक स्वार्थका लागि मैले संविधान, कानुन, संसदीय अभ्यास र जनमतको भावना प्रतिकुल हुने खालका सम्झौता गरी पदमा टिकिरिहने विकल्प रोजिन । दलभित्र झ्याङ्गिदो राजनीतिक गतिरोधका कारण सरकार सञ्चालन गर्दा हाम्रो दलले घोषणापत्रमार्फत निर्वाचनमा व्यक्त गरेका प्रतिवद्धता पूरा हुन सक्ने अवस्था मैले देखिन ।

मुलुकले थप २ वर्ष अनिर्णित र आफ्नै अन्तद्वन्द्वमा फसेको सरकार झेल्नुपर्ने अवस्था आउन थाल्यो । यो पार्टी, पार्टीका देशभरका तमाम कार्यकर्ता, आम जनसमुदाय र मुलुकको हितमा हुने थिएन । स्थिर सरकारबाट मुलुकको समृद्धि हुन्छ भन्ने आम जनताले राखेको वैध अपेक्षा (Legitimate Expectation) पूरा हुन नदिनेतर्फ प्रतिनिधिसभा, संसदीय दल र पार्टीभित्रबाट भएको असहयोगले बन्धक अवस्थामा पुलेको मुलुकलाई नवरक्तसञ्चार गराउन प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशका लागि जानुपर्ने बाध्यात्मक अवस्था आइपरेको हो । त्यसैले बाध्यतावश म प्रतिनिधिसभा विघटन गरी सार्वभौम सत्ता सम्पन्न जनतासमक्ष जाने निर्णयमा पुगेको हुँ ।

## निर्वाचनको वातावरण बनाउन आग्रह

काठमाडौँ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले पुरानो र नयाँ प्रविधिको उच्चतम प्रयोग गरेर निर्वाचनको उत्कृष्ट वातावरण बढाउन सबै सञ्चार माध्यमसँग आग्रह गर्नुभएको छ । उहाँले निर्वाचनमा सरकारी स्वामित्वका सञ्चार माध्यमको राष्ट्रिय दायित्व अन्य सञ्चार माध्यमको भन्दा बढी रहेकाले आगामी वैशाख १७ र २७ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारीलाई तीव्र बनाउन पनि जोड दिनुभएको छ । उहाँले निर्वाचनका लागि आयोगले आफनो तयारीलाई तीव्र बनाएको चर्चा गर्दै सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यमको सहयोगबाट निर्वाचनको उपयुक्त वातावरण तयार गर्न सञ्चार माध्यमको ठूलो भूमिका रहेको बताउनुभयो । उहाँले आफनो पेसागत दक्षता र सीपलाई प्रयोग गरेर देशलाई निर्वाचनमय बनाउन सरकारी स्वामित्वका सञ्चार माध्यम स्वतन्त्र रहेको पनि स्पष्ट पार्नुभयो ।

सरकारी स्वामित्वका सञ्चार माध्यमका प्रमुख तथा प्रतिनिधिहरूले आइतबार प्रमुख निर्वाचन आयुक्त थपलिया र आयोगका सचिव देवकुमारी गुरागाईंलाई आ–आफनो संस्थाले गरेको तयारीबारे जानकारी गराउनुभएको थियो । सञ्चार माध्यमका प्रमुखहरूले आकस्मिक रूपमा निर्वाचनमा जानु परेको र ठूलो जनशक्ति तथा अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने भएकाले स्रोत साधन जुटाइदिन आयोगसँग अनुरोध पनि गर्नुभयो ।

उहाँहरूको भनाइपछि प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनमा स्रोत साधनको कमी हुन नदिनेतर्फ आयोगले पहल गर्ने वचन दिनुभयो । साथै उहाँले निजी क्षेत्रका सञ्चार माध्यमसँग पनि कसरी सहकार्य गर्ने भनेर आयोगले अध्ययन गर्दै रहेकाले निर्वाचनलाई महोत्सवका रूपमा सबै सञ्चार माध्यमले लिनुपर्ने भनाइ राख्नुभयो । प्रमुख आयुक्त थपलियाले यस आर्थिक वर्षमा विनियोजित बजेटबाट फागुन मसान्तअगावै निर्वाचन कार्यक्रमलाई सहज हुने गरी विनियोजित बजेट कार्यक्रम कार्यान्वयन गर्नसमेत निर्देशन दिनुभएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गोरखापत्र संस्थान, सूचना तथा प्रसारण विभाग, हुलाक सेवा विभाग, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल टेलिकम, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय समाचार समितिका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता थियो । बैठकमा उपस्थित सञ्चार माध्यमका प्रमुख एवं प्रतिनिधिहरूले निर्वाचन सम्बन्धी विषयलाई प्राथमिकताका साथ सम्प्रेषण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

नेपाल आयल निगम लिमिटेडको

खाना पकाउने एल.पी.ग्यास प्रयोगकर्ताहरुलाई

सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्त वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू:

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गारैं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रबर पाइप, चुल्होजस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ वर्षमा ग्यासको पाइप फेरौं ।

३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:

५. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिर्खा गन्ध आइरहेको छ भने ग्याँस लिंक भइरहेको छ भन्ने बुझ्नु पर्दछ ग्याँस लिंक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव (knob )बन्द गरौं ।

६. ग्याँस हावाभन्दा गह्रौ हुने भएकोले भूईमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर। धुप आदि नबालौं र बिजुली बत्तीलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।

७. ग्याँस लिंक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई झल्भमा सेफ्टी क्याप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस बिक्रेता वा सम्बन्धित ग्याँस उद्योगीलाई

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

## विज्ञापन बजार व्यवस्थित गर्नुपर्नेमा जोड

काठमाडौँ । नेपालको सञ्चार क्षेत्रका समग्र विज्ञापनको नीति तर्जुमा गरी नियमन गर्ने उद्देश्यले गठित विज्ञापन बोर्डले आफना गतिविधिलाई तीव्रता दिन थालेको छ । तोकिएको कार्य

बाँकी ८ पृष्ठमा

# साहित्य डायरी

## व्यंग्यात्मक सुसेलीहरुः



दुर्गा अधिकारी भमरकोटे

लेखैँ सुसेली
राष्ट्रियता उचाली
नेता पखाली । १

माथि गजुर
व्यंग्य छैन हाँसो नै
गरौँ हजुर । २

खेर गएछन्
आरोप प्रत्यारोप
सुरु भएछन् । ३

देश दुख्दैछ
सत्ता र स्वार्थ भित्र
नेता लुक्दैछ । ४

नेता गएछन्
व्यंग्य हैन हाँसोका
पात्र भएछन् । ५

नेता निर्घिणी
यिन्कै पेट भरिन्न
जनता ऋणी । ६

मुला मौलाए
मनपरि गर्दैछन्
नेता बौलाए । ७

बाचा तुहिए
बोराका आलु जस्तै
नेता कुहिए । ८

घुसखोरको
संम्रक्षण गर्दिने
कस्तो नेता हो ? ९

अनादर यो
सही बस्छौ कसरी
भोट दिने हो ? १०

## समय

ज्ञान उदास

सानो हातमा घडी
ठूलो हातमा घडी
समयको ज्ञान दिने
सबैको हातमा घडी ।

सानो होस ठूलो होस
घडीभित्र सूई घुम्छ
सेकेन्ड अनि मनेट हुदै
अर्कोले घण्टाको संकेत दिन्छ ।

साठी सेकेण्डको एक मिनेट
साठी मिनेटको एक घण्टा
यसरी नै उड्दै जान्छ
हाम्रो जीवन चंगा ।

चौविस घण्टाको एक दिन
सात दिनको एक हप्ता
जानी राखौं बुझी राखौं
नत्र पछि परिन्छ मित्र ।

तीस दिनको एक महिना
बाह्र महिनाको एक वर्ष
जीवन छँदै बाँड्न सिकौं
हाम्रो दुःख र हाम्रो हर्ष ।

त्यसैले सम्झ भाइ बहिनी
समय त्यसै पाइदैन
आजको काम भोलि नभनौं
बगेको खोला फर्कदैन ।

## राजनीति.......

नाममा घाइते भएका हजारौ हजारको बिजोग छ । , हजारौ अजारलाई पारेको अड्भड, पारिवारिक विछोड पारेर नेपालको सामाजिक क्षेत्रलाई समेत अस्त व्यस्त बनाएको छ ।

किन उठ्न सक्दैन नेपाल बनाउने उद्देश्य बोकेको आन्दोल ?

असल शासन सभ्य समाज दिर्घकालीन बिकास अहिलेका मात्र होइन । पहिला देखिका नेपाली नागरिकलाई आफ्नो देश नेपाल राम्रो बनाउने सपना र काम गर्ने गरेकै थिए । छन् । तर नेपालमुखी आन्दोलन उठ्न नदिन २००४ सालमा भारतमा स्थापना भएको नेपाली कांग्रेस र २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको सेन्डिकेट नेपालमा रहेको छ । नेपाली जनतालाई बाध्य पार्ने केही संयन्त्रहरु छन् । त्यो कोहीलाई एनजिओ आईएनजिओ जो काम गर्न अल्छी छन् । तिनलाई कागज मिलाएर खाने चलन सिकाएर राखिएको हुन्छ । र पार्टीको कार्यकर्ता बनाएर लगाम लगाएको हुन्छ । यो संयन्त्र भित्र छिरेका हरेक नेपालीहरुलाई इनै दुईवटा पार्टीको बिभिन्न संगठन नै संगठन बनाएर लगाम लगाएको हुन्छ । र सधै परनिर्भर बनाउने खालका कामहरु जस्तै युवा अवस्थाका युवायुवतीलाई १२ पास गर्न नपाउदै बिदेश पठाउने त्यो पठाउने काम राजनीतिक पार्टीको कार्यकर्ताले खोलेको ऐजेन्ट कम्पनी हुने यस्ता खालका योजना बनाएर पढे लेखेका योग, दक्ष, सक्षम लाई बिदेश पठाए पछि बाकीरहेकाहरुलाई पार्टीले भनेको मान्ने हनुमानहरु मात्रै देशमा राख्ने र शासन गर्ने गरेका छन् ।

यस्ता नीतिगत रुपमा नै नेपाललाई परनिर्भर बनाउने काम गरेका छन् । यो लगामवाट नेपालीहरुले जवसम्म पार्टीको सदस्य त्यागेर स्वतन्त्र नागरिक हुने प्रन्यास गदैनन् । नेपालको परिवर्तन नामको द्धान्द्धले नेपाल र नेपालीको भविष्य अन्धकार तर्फ धकेल्ने मात्र देखिन्छ । त्यसैले धोक्रे नेताहरुले धोको भर्न छोडेर निम्न लागेको मुलुकको राष्ट्रियता र गुम्न लागेको भुमि, निल हुन लागेका राष्ट्रिय उद्योगहरु पुन: तजगी गराउन र बिगतमा कसैले भरिदिएको मानो खाने बानीलाई छोडेर आफै फलाएर स्वाभिमानका साथ बाच्छु भन्ने अठोट गरी नयाँ बिरताको कोर्श अगडी बढाउने पो हो कि ?

पृथ्विनारायण शाहको जन्मदिनको अवसरमा सबैलाई चेतन भया ।

## पृथ्वी.....

आफनो सत्ता प्राप्त गरे तर उनलाई आफनो छोरा, रानी र भारदारहरूको सहानुभूति प्राप्त भएन। आफनो शक्ति कायम राख्न विदेशी सैनिक फिकाई देवी देवताको गुठि मासेकाले धर्मप्राण नेपाली जनता क्षुब्ध भएका थिए भने विदेशी सैनिकलाई बढी तलब समेत दिने गरेकाले कान्तिपुरका सैनिकमा निराशा उत्पन्न भएको थियो ।

ललितपुरको पतन

यस्तो स्थिति बुझेर पृथ्वीनारायण शाहले वि.स. १८२५ आश्विन १३ मा इन्द्र जात्राको समय पारि नरदेवी, टुडिखेल र भिमसेनस्थान गरी ३ तर्फबाट आक्रमण गरी कान्तिपुर माथि विजय गरे । राजा जयप्रकाश मल्ल भागेर ललितपुरका राजा तेजनरसिह मल्लका गई शरण लिए। वि.स १८२५ आश्विन २५ गते पृथ्वीनारायण शाहले धनवन्त र केहरसिंहलाई ललितपुर पठाई आत्मसम्पर्ण गराउन पठाए। पाटनका राजाले विना कुनै युद्ध भागे ।

भक्तपुर विजय

काठमाडौंका राजा जयप्रकाश मल्ल र ललितपुरका राजा तेजनरसिह मल्ल भागेर भक्तपुरका राजा रणजित मल्लको शरणमा पुगे। राजा रणजित मल्लले आत्मासम्पर्णको सट्टा छिमेकी राज्य र अंग्रेजसंग समेत सीक सहयोग मागेकाले अनावश्यक ढिलासुस्ती गर्न भुने सम्भी भक्तपुर माथि आक्रमण गर्न वंशराज पाण्डे, कहरसिंह बस्न्यात, रामकृष्ण कुँवर, अमरसिहं थापा, कालीदास खड्का आदिका साथ १५०० सशस्त्र फौज पठाए। भक्तपुरमा युद्ध भयो जसमा ठुलो जनधनको क्षति भयो । फन्डै २००० भन्दा बढीको मृत्यु र ५०० भन्दा बढी घर ध्वस्त भयो। हार स्वस्प वि.स. १८२६ मंसिर १ गते रणजित मल्लले आत्मासम्पर्ण गरे । यसै युद्धमा जयप्रकाश मल्लको खुट्टामा गोलि लाग्यो। उनको इच्छा अनुसार पृथ्वीनारायण शाहले उनलाई पशुपति जाने व्यवस्था मिलाईदिए । ६७ वर्षीय वयोवृद्ध मितबाबु रणजित मल्लले इच्छाबमोजिम उनलाई काशीबासको उचित व्यवस्था मिलाए । त्यहा पुगेको १८ महिना पछि उनको मृत्यु भयो। ललितपुरका राजा तेजनरसिंह मल्लले कुनै इच्छा व्यक्त नगरेकाले उनलाई आजीवन भक्तपुर दरबारमा कैद गरियो ।

चौबीसे राज्यमाथि आक्रमण

उपत्यकाका तिनैवटा शहरमा अधिकार कायम भएपछि पृथ्वीनारायण शाहले पश्चिममा चौबिस राज्य विजय गर्न वि.स. १८२८ मा वंशराज पाण्डे र केहरसिंह बस्न्यातको नेतृत्वमा पठाएको फौज र चौविस राज्यका संयुक्त फौजबीच वि.स. १८२८ मा घमासान युद्ध भयो । १६ घण्टाको अविरल युद्ध हुँदा केहरसिंह बस्न्यातसहित ५०० भन्दा बढी गोर्खालीले वीरगत प्राप्त गर्नुका साथै वंशराज पाण्डे, प्रभु मल्ल जस्ता सेनापतिहरू पनि शत्रुको कब्जामा पर्न गएकाले रणवीर पाँडे र प्रभु मल्लले आफना हातहतियार शत्रुलाई बुझाई बाँकी सैनिक लिई निराश भई पराजित अवस्थामा काठमाडौं पुगे । पृथ्वीनारायण शाहले आफना हातहतियार शत्रुपक्षलाई सम्पर्ण गर्नेहरूको जागिर समाप्ति गरी बन्दुक मोल बापत ६० रूपैयाँ लिएका थिए। यो पराजयले गोर्कालीहरुको महत्वकांक्ष, मान, प्रतिष्ठामा चोट लागेको थियो भने शत्रुहरुमा गोर्खा विरूद्ध कडा मुकाविला गरेमा विजय हुन् सकिन्छ भन्ने प्रतिस्पात्मक भावना जागृत गरेको थियो ।

मृत्यु

वि.सं. १८३१ (सन् १७७४) मंसिरको मध्यतिर जाडो छल्न नुवाकोट गएका पृथ्वीनारायण शाह नुवाकोट दरबारमा बिमारी परे । स्वास्थ्य फन्(फन् खराब हुँदै गएपछि उनैको इच्छाअनुसार त्यहाँको देवीघाट लगियो । नौ दिनसम्म घाटमै रही माघ १ गते बिहान सात बजे उनको निधन भयो । कतै कतै सिकार खेल्न गएको बेलामा बाघको आक्रमणमा परी गहिरो चोट परी घाइते भएको हिंदा मृत्यु भएको समेत उल्लेख छ । घाटमै राखिएको बेला उनले नेपालको भूराजनीतिक अवस्था, सामाजिक जीवन, प्रतिरक्षा र विकासका सन्दर्भमा उपदेशहरु दिएका थिए, जसलाई 'दिव्य उपदेश' समेत भनिन्छ । "नेपाल दुई ढुंगाबीचको तरूल जस्तो रहेछ । दक्षिणको बादशाह महाचतुर रहेछ । जाइकटक नगर्नु, फिकी कटक गर्नु । नेपाल चार वर्ण, छत्तिस जातको साझा फूलबारी हो ।" इत्यादि सान्दर्भिक उपदेशहरु पृथ्वीनारायण शाहले दिएका थिए। माघे संक्रान्तिका दिन ५२ वर्षको उमेरमा उकुच र ठेउला आएर नुवाकोट जिल्लामा पर्ने त्रिशुली र तादी नदीको संगम 'मोहन तिर्थ' वा देवीघाटमा उनको मृत्यु भयो ।

दिव्योपदेश

मुख्य लेखः दिव्योपदेश

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाह आफनो अन्तिम समयमा शेरा दरबार दिएका दिव्योपदेशका कारणले चर्चित छन् । उनका उपदेशहरु आजपनि समय सान्दर्भिक रहेको धेरैको बुझाइ छ । पृथ्वीनारायण नारायण शाह भन्दथे कि "बुढाहरु मर्दा कोहि अर्ति दिन्छन्, पछिल्ला पुस्तालाई ती कुर घतिला हुनाले एकले अर्कालाई भन्दै राज्य सञ्चालन गर्दै जान्छन् । पृथ्वीनारायणले आफनो अन्तिम समय तिर भारदारहरुलाई उपदेश दिएका दिए । उनका अन्तिम सन्देशहरुबाट त्यस्ता पेचिला र चोटिला कुराहरु फल्कन्छन् ।

## पृथ्वी......

हुँदै पुन: घण्टाघरमा आएर सभामा परिणत भएको थियो । त्यालीमा सहभागीहरुले राजतन्त्र मार्न पाईदैन, राष्ट्रिय एकता जिन्दावाद, राजा आऊ, देश बचाऊ लगायतका नारा लगाएका थिए ।

सभामा बोल्ने वक्ताहरुले गणतन्त्र र संघियता खारेज गरेर २०४६ सालको संविधान लागू गर्नुपर्ने, राजतन्त्र सहितको हिन्दु राष्ट्र कायम गर्नुपर्ने, नेपाल एकीकरण गर्ने पृथ्वी नारायण शाहको सम्मान गर्नुपर्ने धारणा राखेका थिए । पृथ्वी नारायण साहले देशका लागि दिएको योगदान अविस्मरणीय रहेको भन्दै उनीहरुले पुस २७ गते सरकारले सार्वजनिक बिदा दिनुपर्ने माग गरे ।

नागरिक समाज पर्साका अध्यक्ष डाक्टर दिपक शाक्यले नेपाललाई असान्त पार्नका लागि बाहिरबाट जात, धर्म, दलको नाममा लडाउने काम भइरहेको बताए । नेपाल बलियो रहे मात्रै नेपाली बलियो रहने बताउँदै उनले सबै मिलेर बसे मात्रै देशमा सुख शान्ति र समृद्धि आउने बताए ।

पृथ्वी जयन्तीको अवसरमा मञ्चले ४० जना महिलालाई साडी र कुर्ता सलवार वितरण गरेको प्रणय कुमार साहले जानकारी दिए ।

सरोकार मञ्चका नारायणी अध्यक्ष नन्द किशोर गोयलको अध्यक्षतामा आयोजित कार्यक्रममा पृथ्वी नारायण शाहको फोटोमा माल्यार्पण गरिएको थियो । घण्टाघरमा नागरिक समाज पर्साले पनि पृथ्वी जयन्ती मनाएको छ ।

## चिसो....

जोगिनु गरीब मुसहर समुदायहरूले पीडा पोखेका छन् । लहान १ मुसहर समुदायका गर्भु सदाय भन्नुहुन्छ,हामी गरीब दलितलाई वर्षाको वेला लहानको नहरको किनारमा रहेको बस्तीमा बाढीको पानी पसेर घरविहिन हुनुपर्ने विपत्ति प्रत्येक वर्ष आँउछ भने जाडो महिनामा लुगाको अभावमा शीतलहरले सतउने गर्छ । वर्षमा दुई पटक विजोग हुनुपर्ने नीयति हामी मुसहर समुदाय भोगदै आइरहेका छौ ।

शीतलहर चल्न सुरु भएपछि मजदुरी गर्न पनि पाउदैनौ, मजदुरी नगर्दा घरमा बाबालिका के खाने ठूलो पीर हुन्छ, शीतलहरमा परालको आगो तापेर समय विताउनु बाध्यता भएको अर्का स्थानीय मुसहर समुदायका गेना सदायको पीडा रहेको छ ।

लहान १४ गुर्दीगाँउका दलित पासवान वस्तीका के महिला के पुरुष नजिकै रहेको खुटी खोलामा गिटी वालुवा चालेन भने दैनिक गुजारा नै नचल्ने स्थानीय नथुनी पासवानले सुनाउदै शतिलहरको वेला आगोको पाराल ताप्दै आफनो गिटी वालुवा संकलन गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो ।

महिला अधिकारकर्मी रेणु कर्णका अनुसार लक्षित गरीव दलित वस्तीहरूमा प्रत्येक वर्ष बाढी पस्ने र लुगाको अभावमा शतिलहर छल्ने समस्यालाई दीर्घकालिन रूपमा सामाधान गर्न स्थानीय र प्रदेश सरकारले ध्यान दिन जरूरी छ ।

सिरहा जिल्लाको १७ वटै स्थानीय तहमा रहेको गरीव दलितहरूलाई शीतलहरको समयमा होस वा प्राकृतिक विपत्ति आउने कुनै पनि समस्याको लागि स्थानीयतहरू पूर्व तयारी गर्नुपर्ने आवश्यक्ता देखियो । यसको लागि जिल्ला समन्वय समिति सिरहाले पहलकदमी समन्वय समितिका प्रमुख राम चन्द्र ठाकुरले विश्वास दिलाउनुभयो ।


प्रत्येक वर्ष शीतलहरको समयमा आफनो वडामा रहेको दुई सय गरीव दलितलाई मोटो सिरक वितरण गत वर्षपनि गरेको थिए । यसवर्ष पनि सिरक खरीद गरेर वितरणको लागि तयारी भइरहेको सुखीपुर नगरपालिका ४ का वडाध्यक्ष राम लोभित यादवले जानकारी दिनुभयो ।

यता लहान नगरपालिकाले बढ्दो शीतलहरलाई ध्यानमा राखेर दाउरा वितरण र न्यायनो लुगा वितरण गर्ने नगरपालिकाको प्रवक्ता राज कुमार साहले जानकारी दिनुभयो ।

## विज्ञापन......

प्रभावकारी बनाउन बोर्डले अन्तरक्रियाका साथै आवश्यक विषयमा सुझाव संकलन गर्न थालेको छ । सिंहदरबारमा आज मात्रै बृहत् अन्तरक्रिया आयोजना गरी बोर्डले सञ्चार क्षेत्रका विभिन्न व्यक्तिसँग विज्ञापन बजारलाई व्यवस्थित गर्ने सन्दर्भमा सुझाव लिएको छ । सञ्चार क्षेत्रमा अन्य विज्ञसँग समेत सुझाव लिई त्यसका आधारमा मस्यौदा तयार पारी ऐन कार्यान्वयनको चरणमा अघि बढ्ने बोर्डले जनाएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङको उपस्थितिमा भएको आजको छलफलमा सञ्चार क्षेत्रका प्रतिनिधिहरूले विज्ञापन बजारलाई व्यवस्थित गर्दै विज्ञापनको समानुपातिक वितरणमा जोड दिनुभएको छ । सहभागीले विज्ञापन उत्पादनको प्रक्रिया, त्यसमा प्रयोग हुने शब्द र कलाकारको प्रस्तुतिलाई व्यवस्थित गर्ने सन्दर्भमा समेत बोर्ड र सरकारको ध्यानाकर्षण गराउनुभएको छ । छलफलमा मन्त्री गुरुङले यहाँ प्राप्त सल्लाह र सुझावका आधारमा तत्काले विज्ञसँग छलफल गरी अघि बढ्ने मन्त्रालयको योजना रहेको जानकारी दिनुभयो । बोर्डको कार्य योजना बनेको छ, विभिन्न उपसमितिसमेत गठन भइसकेको छ, विषयगत समितिले सरोकार राख्ने व्यक्तिसँग छलफल गरी अघि बढ्नेछ, मन्त्री गुरुङले भन्नुभयो, त्यसपछि प्राप्त अधिकार प्रयोग गरी कार्यान्वयनको चरणमा बोर्ड अघि बढ्ने छ । छलफलमा अएका सुझाव प्रति संकेत गर्दै मन्त्री गुरुङले स्थानीय तहसम्म बोर्डलाई लैजानेमा मन्त्रालयको ध्यानाकर्षण भएको जनाउनुभयो । उहाँले त्यसको संरचनालाई नीतिगतरूपमा व्यवस्थित गरेर जानेमा मन्त्रालय सकारात्मक रहेको प्रतिक्रिया दिनुभयो । उहाँले प्राप्त सुझावका आधारमा बोर्ड अघि बढ्ने विश्वास दिलाउनुभयो ।

मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले विज्ञापन ऐनले दिएको अधिकार प्रयोग गरी विज्ञापन बजारको व्यवस्थापनका लागि प्रारम्भिक कार्यअन्तर्गत आज सुझाव लिइएको बताउनुभयो । उहाँले बोर्ड नयाँ अभ्यासमा रहेकाले कमी कमजोरी सच्याउँदै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । यसअघि छलफलमा सुझाव प्रस्तुत गर्दै सञ्चार उद्यमी भाष्करराज राजकर्णिकारले मिडिया सञ्चालनका लागि विज्ञापन अपरिहार्य भएको र नेपाली उपभोक्ताका लागि नेपाली सञ्चार माध्यमबाटै विज्ञापन जानुपर्नेमा जोड दिनुभयो । उहाँले क्लिन फिडको व्यवस्था पूर्ण कार्यान्वयन गर्दै विज्ञापन बजारलाई गति दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । नेपाल पत्रकार महासङ्घका महासचिव रमेश विष्टले बोर्डले अफना गतिविधि अघि बढाउँदा श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेका विषयलाई भुल्न नहुने सुझाव दिनुभयो । विज्ञापनको बजार व्यवस्थित गर्दै गर्दा पत्रकारले न्यूनतम तलबसुविधा नपाउने अवस्था छ, यसमा बोर्डको ध्यान जाओस, विष्टले भन्नुभयो । उहाँले ऐनमा व्यवस्था भएको विज्ञापनको १० प्रतिशत रकम कल्याणकारी कोषमा राख्ने प्रावधान कडाइका साथ कार्यान्वयनमा जोड दिनुभयो । प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीले श्रमजीवी पत्रकार तलब नपाएर बीचैमा हात धुनुपर्ने अवस्थाप्रति गम्भीर हुन आग्रह गर्दै अब बन्ने योजनाको दीर्घकालीन असरलाई पनि ध्यानमा राख्न आग्रह गर्नुभयो । प्रेस नेपालका अध्यक्ष केशव अर्यालले विज्ञापनको उत्पादन, वितरण र त्यसको प्रभावको मूल्यांकन गरेर उपयुक्त नीति तर्जुमा गर्न बसेर्डलाई सुझाव दिनुभयो । डिश होम मिडिया नेटवर्कका सुदीप आचार्यले क्लिन फिड लागू भएपछि ग्राहक संख्यामा भारी गिरावट आएको जानकारी गराउँदै राज्यले उचित सम्बोधन नगरे टेलिभिजन उद्योग धराशायी हुने बताउनुभयो । अग्रज पत्रकार देवप्रकाश त्रिपाठीले विज्ञापन बोर्डसम्बन्धी ऐनले क्लिन फिड र समानुपातिक विज्ञापन प्रणालीलाई विशेष जोड दिएको स्मरण गर्दै त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न सके धेरै लाभ प्राप्त गर्न सकिने सुझाव प्रस्तुत गर्नुभयो ।




जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस